मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक २२ | २०८० साल मंसिर २३ गते आइतबार | Sunday 10, December 2023 | सूर्योदयः बिहान ६:४३ बजे | सूर्यास्तः साँझ ५:१२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## पर्साका पालिकामा ६९६.४ करोड बेरुजु

### कार्यालय प्रमुख तथा लेखा प्रमुखले लगे १ अर्ब रुपैयाँ

**अनिल पोखरेल**
**वीरगंज ।**
महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन २०७९ ले पर्साका १४ पालिकामा ६ अर्ब ९६ करोड ४३ लाख ३२ हजार रुपैयाँ बेरुजु देखाएको छ । बेरुजुमध्ये पालिकाहरूमा २०७९ असार ३२ गतेसम्म कार्यरत कार्यालय प्रमुख तथा लेखा प्रमुखको नाममा १ अर्ब ३३ करोड ५७ लाख ५५ हजार ९ सय ६३ रुपैयाँ ३२ पैसा बेरुजु देखिएको छ । लेखापरीक्षण प्रतिवेदनअनुसार सबैभन्दा बढी वीरगंज महानगरपालिकामा ३ अर्ब ३४ करोड ६३ लाख २ हजार रुपैयाँ बेरुजु छ । दोस्रोमा जगरनाथ गाउँपालिकामा ५५ करोड ४ लाख २० हजार रुपैयाँ बेरुजु देखिएको छ । पालिकाहरूले विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति, फर्म स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा बेरुजु फछ्र्यौट गर्ने व्यवस्था छ । सोही ऐनको दफा ८४ (२) (घ) बमोजिम बेरुजु फछ्र्यौट गर्ने गराउने कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था भए पनि कुनै पनि प्रमुख प्रशासकीय अधिकृतले बेरुजु असुल गर्न तदारुकता नदेखाएको महालेखाको प्रतिवेदनले पुष्टि गरेको छ ।

पर्साका पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको लेखा परीक्षण प्रतिवेदनले देखाइको छ । पालिकाको लेखापरीक्षणबाट स्रोत र साधन प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवाप्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको प्रतिवेदनमा उल्लेख छ । यस्तै, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनले औँल्याएको छ । धेरैजसो बेरुजु देखिएको रकमको शीर्षकमा प्रमाण कागजात पेस नगरेको, पेस्की बाँकी, असुल गर्नुपर्ने र नियमित गर्नुपर्ने लगायत छन् ।

| स्थानीय तह | अद्यावधिक बेरुजु |
|---|---|
| वीरगंज महानगरपालिका | ३ अर्ब ३४ करोड ६३ लाख २ हजार रुपैयाँ |
| पर्सागढी नगरपालिका | २७ करोड ८ लाख ७२ हजार रुपैयाँ |
| पोखरिया नगरपालिका | ४० करोड ३१ लाख ३५ हजार रुपैयाँ |
| बहुदरमाई नगरपालिका | ३१ करोड ४७ लाख ७ हजार रुपैयाँ |
| कालिकामाई गाउँपालिका | १६ करोड ५३ लाख २२ हजार रुपैयाँ |
| छिपहरमाई गाउँपालिका | २५ करोड ५२ लाख ७१ हजार रुपैयाँ |
| जगरनाथपुर गाउँपालिकामा | ५५ करोड ४ लाख २० हजार रुपैयाँ |
| जिराभवानी गाउँपालिका | ३१ करोड ९९ लाख ९३ हजार रुपैयाँ |
| ठोरी गाउँपालिका | २४ करोड ८५ लाख २८ हजार रुपैयाँ |
| धोबिनी गाउँपालिका | २३ करोड ४१ लाख ९३ हजार रुपैयाँ |
| पकहामैनपुर गाउँपालिका | १३ करोड ५५ लाख ७५ हजार रुपैयाँ |
| पटेर्वासुगौली गाउँपालिका | १८ करोड ४९ लाख १५ हजार रुपैयाँ |
| विन्दवासिनी गाउँपालिका | २० करोड ८७ लाख ३७ हजार रुपैयाँ |
| सखुवा प्रसौनी गाउँपालिका | ३२ करोड ६३ लाख ६२ हजार रुपैयाँ |

स्रोतः महालेखा

वीरगंज महानगरपालिकाको गत आर्थिक वर्षसम्म २ अर्ब ६६ करोड ८४ लाख ९२ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा अद्यावधिक बेरुजु ३ अर्ब ३४ करोड ६३ लाख २ हजार रुपैयाँ रहेको २०७९ को प्रतिवेदनमा उल्लेख छ । महानगरपालिकामा कार्यरत कार्यालय प्रमुख लक्ष्मी पौडेल र लेखा प्रमुख रुपनारायण राउतका नाममा मात्रै ६७ करोड ७८ लाख ९ हजार ७ सय ११ रुपैयाँ ४८ पैसा बेरुजु रहेको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख छ ।

पर्सागढी नगरपालिकामा पनि गतवर्षसम्म २२ करोड ४६ लाख ३४ हजार रुपैयाँ बेरुजु देखिएको छ भने विगत वर्षदेखि हालसम्म अद्यावधिक बेरुजु रकम २७ करोड ८ लाख ७२ हजार रुपैयाँ छ । कार्यालय प्रमुख भरत प्रसाद यादव र लेखा प्रमुखद्वय श्याम नारायण भगत माली र सन्तोष कुमार कुशवाहाका नाममा ४ करोड ६२ लाख ३८ हजार ८१ रुपैयाँ बेरुजु रहेको छ ।

पोखरिया नगरपालिकाको गत आर्थिक वर्षसम्म ३१ करोड ७८ लाख ९८ हजार रुपैयाँ बेरुजु रहेकामा २०७८–७९ मा अद्यावधिक बेरुजु ४० करोड ३१ लाख ३५ हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुखहरू अशोक कुमार रौनियार, सन्देश कुमार यादव, अशोक कोइराला र लेखा प्रमुख मनोज कुमार तिवारीका नाममा ८ करोड ५६ लाख ३२ हजार ९ सय ७५ रुपैयाँ बेरुजु छ ।

बहुदरमाई नगरपालिकाको अघिल्लो आर्थिक वर्षसम्ममा विभिन्न शीर्षकमा २६ करोड १४ लाख ४ हजार रुपैयाँ बेरुजु रहेकामा अद्यावधिक गर्दा ३१ करोड ४७ लाख ७ हजार रुपैयाँ रहेको महालेखा प्रतिवेदनमा उल्लेख छ । त्यसका साथै कार्यालय प्रमुख विदुर प्रसाद उप्रेती र लेखा प्रमुखका नाममा उपेन्द्र कुमार साहले ५ करोड ३५ लाख ३ हजार ४ सय ६३ रुपैयाँ ११ पैसा बेरुजु राखेका छन् ।

कालिकामाई गाउँपालिकाको गतवर्षमा १२ करोड १६ लाख २९ हजार रुपैयाँ बेरुजु रहेकामा समायोजन र सम्परीक्षणबाट फछ्र्यौटसम्मको अद्यावधिक बेरुजु १६ करोड ५३ लाख २२ हजार रुपैयाँ छ । कार्यालय प्रमुख जयचन्द्र साह र लेखा प्रमुख अभिषेक कुमार साहका नाममा ४ करोड ३६ लाख ९४ हजार ३ सय ७७ रुपैयाँ बेरुजु रहेको छ ।

छिपहरमाई गाउँपालिकामा विगतका वर्षमा २२ करोड ८९ लाख ९९ हजार रुपैयाँ बेरुजु रहेकामा २ लाख ५ हजार रुपैयाँ फछ्र्यौट भएको छ भने अरु बेरुजु थपिएर २५ करोड ५२ लाख ७१ हजार रुपैयाँ बेरुजु देखिएको छ । कार्यालय प्रमुख देवनाथ साह र लेखा प्रमुख बुद्धि सागर मरहठ्ठाका नाममा २ करोड ६४ लाख ७६ हजार ८ सय ६३ रुपैयाँ बेरुजु रहेको छ ।

जगरनाथपुर गाउँपालिकामा गतवर्षसम्ममा ४० करोड २० लाख १७ हजार रुपैयाँ बेरुजु बाँकी रहेको र आर्थिक वर्ष २०७८–७९ मा समायोजन र सम्परीक्षणबाट फछ्र्यौटपछि अद्यावधिक बेरुजु ५५ करोड ४ लाख २० हजार रुपैयाँ छ । कार्यालय प्रमुखहरू कृष्ण नन्दन राय यादव, राज कुशवाहा, सन्दिप कुमार पटेल र लेखा प्रमुख सन्देश कुमार कुशवाहा तथा सञ्जय पटेलका नाममा १४ करोड ८४ लाख २ हजार ९ सय २५ रुपैयाँ बेरुजु रहेको छ ।

जिराभवानी गाउँपालिकामा २६ करोड ८९ लाख ५८ हजार रुपैयाँ बेरुजु रहेकामा आर्थिक वर्ष २०७८–७९ मा अद्यावधिक बेरुजु ३१ करोड ९९ लाख ९३ हजार रुपैयाँ रहेको छ । कार्यालय प्रमुख प्राण महतो र लेखा प्रमुख लक्ष्मण गौतमका नाममा ५ करोड १० लाख ३५ हजार १ सय ७६ रुपैयाँ ९५ पैसा बेरुजु रहेको छ ।

ठोरी गाउँपालिकामा २२ करोड ११ लाख ७९ हजार रुपैयाँ बेरुजु रहेकामा अद्यावधिक बेरुजु बढेर २४ करोड ८५ लाख २८ हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख कृष्णलाल श्रेष्ठ र लेखा प्रमुख बुद्धिसागर मरहठ्ठाका नाममा २ करोड ७३ लाख ४८ हजार ९ सय ९९ रुपैयाँ बेरुजु छ ।

धोबिनी गाउँपालिकामा बेरुजु २० करोड ३२ लाख ६० हजार रुपैयाँबाट बढेर अद्यावधिक बेरुजु २३ करोड ४१ लाख ९३ हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख राजु प्रसाद साह, महमद नवाज हुसैन र लेखा प्रमुख रञ्जन कुमार कर्णका नाममा ३ करोड ९ लाख ३३ हजार ४ सय ७६ रुपैयाँ बेरुजु छ । पकहामैनपुर गाउँपालिकामा १० करोड ७८ लाख ९८ हजार रुपैयाँ बेरुजु छ । अद्यावधिक बेरुजु १३ करोड ५५ लाख ७५ हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख रमेश सुवेदी र लेखा प्रमुख निरञ्जन प्रसाद पटेलका नाममा २ करोड ७६ लाख ७७ हजार ४ सय ८० रुपैयाँ बेरुजु छ । पटेर्वासुगौली गाउँपालिकामा १३ करोड ३१ लाख ९१ हजार रुपैयाँ बेरुजु रहेकामा समायोजन र सम्परीक्षणपछि अद्यावधिकमा १८ करोड ४९ लाख १५ हजार रुपैयाँ बेरुजु छ । कार्यालय प्रमुख सन्देश कुमार यादव र लेखा प्रमुख सोनु कुमार सोनी, अखिलेश कुमार सहनीका नाममा ५ करोड १७ लाख २३ हजार ५ सय ७५ रुपैयाँ बेरुजु छ ।

विन्दबासिनी गाउँपालिकामा १९ करोड ३६ लाख ५९ हजार बेरुजु रहेकामा अद्यावधिक बेरुजु बढेर २० करोड ८८ लाख ३७ हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख श्यामबाबु साह, राजु प्रसाद साह, अमित कुमार गिरी, मुन्ना साह रौनियार र लेखा प्रमुख मिथलेश कुशवाहाका नाममा १ करोड ७१ लाख ४८ हजार ३ सय ८६ रुपैयाँ ७८ पैसा बेरुजु रहेको छ ।

सखुवाप्रसौनी गाउँपालिकामा २७ करोड ८२ लाख ३२ हजार रुपैयाँ बेरुजु छ भने अद्यावधिक बेरुजु ३२ करोड ६३ लाख ६२ हजार रुपैयाँ छ । फछ्र्यौट गर्न बाँकी रहेको सम्पूर्ण रकम असुल फछ्र्यौट गर्नुपर्ने महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरेको छ । कार्यालय प्रमुख भोजेन्द्र कुमार चौधरी, सन्देश कुमार यादव, देवनाथ साह र राजेश प्रसाद रौनियारका नाममा ४ करोड ८१ लाख ३० हजार ४ सय ४४ रुपैयाँ बेरुजु छ ।

## कानुन निर्माण नहुँदा समस्यामा स्थानीय तह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संविधानले तीन तहको सरकार परिकल्पना गरेको छ । तीनवटै सरकारको आआफ्नै दायित्व छ । कतिपय कानुन बनाउने दायित्व संघीय सरकारको छ भने केही कानुन निर्माण गर्ने दायित्व प्रदेश सरकारको हो । तर कानुन निर्माण अभावमा स्थानीय तहको कामकाजसमेत प्रभावित छ । कानुन अभावसँगै तीनवटै तहबीच समन्वय पनि अभाव देखिएको छ । समयमा निर्माण गर्नुपर्ने कतिपय कानुन संघीय सरकारले निर्माण नगरेका कारण पनि समस्या खेपिरहेको स्थानीय तह पनि कानुन निर्माणमा कमजोर नै देखिएको छ ।

संविधानको अनुसूची ५ मा संघीय सरकारको अधिकार सूची छ । ३५ वटा अधिकार संघीय सरकारसँग छ । अनुसूची ६ मा प्रदेश सरकारको २१ वटा अधिकार उल्लेख छ । अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार सूचीमा २५ वटा अधिकार उल्लेख छ । अनुसूची ८ मा स्थानीय तहलाई दिइएको अधिकारमा २२ वटा अधिकार सूचीकृत छ । त्यसैगरी, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको व्यवस्था अनुसूची ९ मा उल्लेख छ र १५ वटा अधिकार साझा छन् । संविधानले तीनवटै तहका सरकारको अधिकार र विषयमा प्रष्ट व्यवस्था गरे पनि संघ र प्रदेशले बनाउनुपर्ने कानुन नबनाइदिँदा स्थानीय तहलाई काम गर्न समस्या भइरहेको छ । संघीय कानुनबमोजिम बाझिएका कानुन स्वतः अमान्य हुने भएपछि संघ र प्रदेशले बनाउने कानुन नबनाएका कारण स्थानीय तहसमेत कानुन निर्माणमा अपूर्ण छ । कानुन निर्माणकै अभावमा स्थानीय तहले काम गर्नसमेत सकिरहेको छैन ।

जनकपुरधाम उपमहानगरपालिकाले कार्यविधि, ऐन र नियमावलीसहित २४ वटा कानुन निर्माण गरेको छ । जनकपुरधाम उपमहानगरपालिकाले संघीय सरकारबाट उठाउने गरेको कानुन नै बोर्डबाट पारित गराएर कार्यान्वयन गराउने गरेको छ । अधिवक्ता रेखा झा स्थानीय तहलाई काम गर्न कानुन आवश्यक रहेको बताउँछिन् । तर कानुन निर्माणका लागि चाहिने निमायवलीसमेत निर्माण नगरिएका कारण स्थानीय तहमा कानुन निर्माण र निमायवलीको अभाव भइरहेको छ ।

झाले भनिन्, 'स्थानीय तहमा पदाधिकारीलाई कानुन निर्माणको चासो नै हुँदैन, आवश्यक परेको खण्डमा निर्माण गर्ने तर निमायवली नबनाउने कारणले समेत समस्या आउने गरेको छ ।' उनले जनप्रतिनिधिलाई कानुन बनाए–बाझिए आमान्य हुने डरले समस्या भइरहेको छ । स्थानीय तहमा संघबाट पठाइएका नमूना कानुन हुबहु सार्ने काम बढी भएको, मस्यौदासम्बन्धी ज्ञान भएको जनशक्ति अभाव रहेको पाइएको छ । स्थानीय तहले समेत कानुन निर्माण गरेर विकासका अन्य काम अगाडि बढाउनुपर्ने अवस्थामा विकासमा मात्रै बढी जनप्रतिनिधिको ध्यान जाने गरेका कारण कानुन निर्माणमा चासो कम भएको हो ।

अति आवश्यक साझा सूचीका विषयमा कानुन बनाउन सक्ने भए पनि कानुनबारे स्थानीय तहमा हालसम्म जानकारी नै नभएको र संघ वा प्रदेश कानुनसँग बाझिनसक्ने आशंकाका कारण साझा सूचीमा परेका विषय अलपत्र परेको हो । मधेशको एकमात्र महानगरपालिका वीरगंज महानगरपालिकाले २४ वटा ऐन र कार्यविधि निर्माण गरेको छ । त्यसमा पनि कतिपय ऐन कार्यान्वयनमा आउन समस्या भएको छ । मधेश प्रदेशको धनुषा, नगराईन नगरपालिकाकाले सात वटा कार्यविधि र ऐन बनाएको छ । नगराईन नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राम गुलाम कर्ण कानुन निर्माण गर्ने दायित्वसमेत स्थानिय तहमा दिइएको भए पनि कार्यान्वयनमा समस्या आउने गरेको बताउँछन् । उनले भने, 'कानुन निर्माण गरियो भने संघीय कानुनसँग बाझिने सम्भावना हुन्छ, पछि समस्या आउने सम्भावना भएकाले संघबाट आउने नमूना कानुन मात्रै पारित गरेर कार्यान्वयनमा ल्याउने गरेका छौँ ।' उनले कानुन अभावमा काम गर्न समस्या भइरहेको बताए ।

संघबाट कतिपय कानुन निर्माण गरेर क्षेत्राधिकार प्रष्ट हुनुपर्ने अवस्था देखिएको छ । साझा विषयमा प्रदेश र स्थानीय तहको भूमिकासमेत प्रष्ट हुने गरी आवश्यक कानुन तर्जुमा गर्नुपर्ने

बाँकी पृष्ठ २ मा

## मृत्यु प्रकरणमा सुधारकेन्द्र सञ्चालक कारागार चलान

**मधेशदृष्टि**
**सर्लाही ।**
हरिवन नगरपालिका–९ स्थित नयाँ जीवन सुधार केन्द्रमा एकजनाको मृत्यु प्रकरणमा जिल्ला अदालतले सञ्चालकलाई पुर्पक्षका लागि कारागार चलान गरेको छ ।

तत्कालीन लालबन्दी नगरपालिका–१ नवलपुर, हाल हरिवन नगरपालिका–९ सुखेपोखरीमा सरेको नयाँ जीवन सुधार केन्द्रमा वैशाख २७ गते बुधबार मृत फेला परेका हरिवन नगरपालिका–१ का अन्दाजी ३३ वर्षीय प्रेमराज कार्कीका पीडित परिवारले पटकपटक प्रहरी गुहारे पनि न्याय नपाउँदा निरास भएका थिए तर अदालतले सुधार केन्द्रका सञ्चालक विक्रमराज सापकोटालाई पुर्पक्षका लागि झुम्का कारागार सुनसरी चलान गरेपछि न्याय पाउने आशा पलाएको पीडित परिवारले बताएका छन् ।

कार्की वैशाख २७ गते बुधबार गम्छाको पासो बनाई आफ्नै कोठाको सिलिङ पंखामा झुण्डिएको अवस्थामा मृत फेला परेका थिए । परिवारले आत्महत्या नभई अन्य शंकास्पद कारण रहेको भन्दै इलाका प्रहरी कार्यालय हरिवनमा पटकपटक जाहेरी दिन जाँदा प्रहरीले विभिन्न बहानामा जाहेरी लिएको थिएन । पीडित परिवारले आत्महत्या दुरुत्साहनसम्बन्धी जाहेरी दिन पटकपटक इलाका प्रहरी कार्यालय हरिवन जाँदा प्रहरीले अनेक बहानामा जाहेरी लिन नमानेको मृतककी आमा हिरा कुमारी कार्कीले गुनासो गरिन् । सुधार केन्द्र सञ्चालकले प्रहरीलाई आर्थिक प्रभावमा पारेर पीडितको जाहेरी दर्ता नगरेको समेत आशंका पीडित परिवारको थियो । सुधार केन्द्रका सञ्चालक सापकोटा आफैँ अदालतमा हाजिर भएर न्यायालयलाई पनि आर्थिक प्रलोभनमा पार्ने प्रयासमा लागेको अदालत स्रोतको दाबी छ ।

अदालतमा हाजिर भएका सुधार केन्द्रका सञ्चालक सापकोटाका विषयमा सर्लाही जिल्ला अदालतका न्यायाधीश अनन्तराज न्यौपानेले फाइल हेर्दा प्रहरीले मुचुल्का पनि पीडितलाई थप पीडित बनाउने गरी तयार पारेको, अदालतमा पेश गरिएको फाइलमा पटकपटक केरमेट गरिएको र पीडित परिवारको कुनै बयान समावेश नगरेको पाइएपछि अदालतका न्यायधीश सूर्यबहादुर थापाले कुनै पनि बहानामा छाड्न नसकिने विषय पाएपछि सिधै पुर्पक्षका लागि झुम्का कारागार सुनसरी चलान गरेको हो ।

पीडित परिवारले पहिला सुधार केन्द्रका सञ्चालकको नाममा ल्याएको जाहेरी यो वा त्यो बहानामा प्रहरीले सच्याएर ल्याउन भनेको त्यसपछि प्रहरीले भनेअनुसार नै सच्याएर ल्याएको जाहेरी पनि दर्ता नगरेको पीडित परिवारले गुनासो गरेका थिए । पीडित परिवारका अनुसार कार्कीको शवको शरीरमा चोटपटक लागेको, कपाल मुण्डन गरिएको अवस्थामा तीन–चार वटा खाटको बीचमा रहेको सिलिङ पंखामा झुण्डिएको अवस्थामा फेला पारिएको र सुधार केन्द्र सञ्चालकले कोही कसैलाई बोलाउन पर्दैन भन्दै तन्नामा पोको पारेर घर लैजानु भनेका कारण शंका लागेर जाहेरी दिन खोजेको भए पनि प्रहरीले तीनपटक जाहेरी परिवर्तन गराएको र त्यसपछि पनि जाहेरी नलिएपछि हुलाकमार्फत जाहेरी पठाएका थिए ।

घटनास्थलमा प्रहरीलाई सुधार केन्द्रका सञ्चालकले बोलाउन नदिनु र हतारमा शव लैजानु भनेका कारण सुधार केन्द्र सञ्चालकप्रति नै शंका लागेकाले जाहेरी दिन जाँदा इलाका प्रहरी कार्यालय हरिवनका

बाँकी पृष्ठ २ मा



# एक सय अस्पताल निर्माण लक्ष्य

**रासस**
**काठमाडौँ ।**
सरकारले यसै आर्थिक वर्षमा सय आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य लिएको छ । अहिले २६ आधारभूत अस्पताल सम्पन्न गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यसै आर्थिक वर्षमा एक सय अस्पताल निर्माण लक्ष्य लिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए । मन्त्रालयका तथ्याङ्क अधिकृत सूर्यबहादुर खड्काका अनुसार २६ वटा अस्पतालका अन्तिम किस्ता पठाइसकिएको छ । पाँचथरको हिलिहाङ गाउँपालिकाको गोपेटार स्वास्थ्य चौकीको पाँच शैया र दार्चुलाको व्यास गाउँपालिकाको १५ शैयाको आधारभूत अस्पताल पनि चाँडै नै सम्पन्न हुने तयारीमा रहेको उनले बताए । उनका अनुसार हाल चार सय १३ स्थानीय तहका अस्पतालको ठेक्का सम्झौता भई प्रक्रिया अगाडि बढेको छ । सरकारले आर्थिक वर्ष २०७७÷७८ को नीति तथा कार्यक्रममा भूगोल र जनसंख्या आधारमा हरेक स्थानीय तहमा पाँचदेखि १५ शैयाको आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य लिएको थियो । सोहीअनुसार २०७७ साउन २८ गते तीन सय ९६ र २०७७ पुस १२ गते दुई सय ५९ अस्पताल निर्माण गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ । सरकारले पाँच शैयाका लागि सात करोड ११ लाख रुपैयाँ, १० शैयाका लागि १० करोड ८३ लाख रुपैयाँ र १५ शैयाका लागि १८ करोड छ लाख रुपैयाँ रकम छुट्याइएको छ । पाँच शैयाका ८० स्थानीय तह, १० शैयाका एक सय ५७ स्थानीय तह र १५ शैयाका चार सय २० स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गरिने छ । सरकारले दुई वर्षभित्र सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा पुर्याउन ती अस्पताल निर्माण गर्ने घोषणा गरे पनि समयमै नसिकएपछि अब पाँच वर्षभित्र ती निर्माण पूरा हुन नसकेका अस्पतालको निर्माणकार्य गरिने मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले बताए । यस्तै अझै एक सय ९५ स्थानीय तहले आधारभूत तहको अस्पतालका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पेस गरेका छैनन् । मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले डिपिआर पेस नगरेका ती स्थानीय तहमा अस्पताल निर्माणको काम हुन नसकेको बताए । भूगोल र जनसंख्याका आधारमा पाँच शैयाका ८० स्थानीय तह, १० शैयाका एक सय ५५ स्थानीय तह र १५ शैयाका चार सय २० स्थानीय तहले आधारभूत अस्पताल निर्माण गर्नेछन् । मन्त्रालयका अनुसार १५ शैयाको आधारभूत अस्पतालमा एक एमडिजिपी चिकित्सक मेडिकल सुपरिटेन्डेन्ट, दुई मेडिकल अधिकृत, एक नर्सिङ अधिकृत, छ स्टाफ नर्स, पाँच हेल्थ असिस्टेन्टलगायत अन्य कर्मचारी गरी ३२ कर्मचारी रहनेछन् । यस्तै १० शैयाको आधारभूत अस्पतालमा दुई मेडिकल अधिकृतसहित २२ र पाँच शैयाको आधारभूत अस्पतालमा एक मेडिकल अधिकृतसहित १८ कर्मचारी रहने छन् ।

# राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि दल दर्ता सुरु

**मधेशदृष्टि**
**काठमाडौँ ।**
माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि शनिबारबाट दल दर्ता सुरु भएको छ । निर्वाचन आयोगका अनुसार राष्ट्रिय सभा सदस्य निर्वाचनमा सहभागी हुने राजनीतिक दलले मंसिर २९ गते शुक्रबारसम्म दल दर्ता गरिसक्नुपर्ने छ । 'निर्वाचन आयोगले नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचन आयोगमा दर्ता कायम रहेका दलहरूलाई राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि संविधानको धारा २७१ तथा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम दर्ता हुन भनेको हो । शनिबारदेखि आगामी शुक्रबारको समयभित्र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को अनुसूची– १२ बमोजिमको ढाँचामा निर्वाचन आयोग, कान्तिपथ काठमाडौँमा निवेदन दिन निर्वाचन आयोगले आग्रह गरेको हो । आगामी फागुन २० गते रिक्त हुने २० जना राष्ट्रिय सभा सदस्यमध्ये १९ पदका लागि सरकारले माघ ११ गते निर्वाचन हुँदैछ । बाँकी रिक्त एक जना राष्ट्रिय सभा सदस्य भने सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनित गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

# भारत–नेपाल सांस्कृतिक महोत्सव

**रासस**
**मर्चवार ।**
नेपालस्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोष र लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा लुम्बिनीमा भारत–नेपाल सांस्कृतिक महोत्सव आयोजना गरेको छ । शुक्रबार सम्पन्न महोत्सवमा बौद्ध धर्मलाई केन्द्रमा राखी भारत र नेपालको समृद्ध सांस्कृतिक सम्पदा तथा परम्परा प्रस्तुत गरिएको थियो ।
महोत्सवको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, र लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी नेपालका लागि भारतका लागि राजदूत नवीन श्रीवास्तवले संयुक्तरूपमा उद्घाटन गरे । त्यस अवसरमा मन्त्री किरातीले महोत्सवका माध्यमबाट दुई देशबीचको बलियो सांस्कृतिक एवं ऐतिहासिक सम्बन्धलाई अझ सुदृढ बनाउन सकिने बताए । शताब्दीऔँ पुरानो नेपाल र भारतबीचको जनस्तरको सम्बन्धलाई यस्ता महोत्सवले अझ सुमधुर बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । राजदूत श्रीवास्तवले हरेक वर्ष लुम्बिनीमा यस्ता महोत्सव आयोजना गरिने बताउँदै त्यसबाट दुवै देशका साझा सम्पदा, परम्परा र संस्कृतिबारे नेपाली र भारतीयलाई जानकारी हुने र त्यसले एकअर्कालाई नजिक ल्याउन सहयोग गर्ने विचार व्यक्त गरे । यसैबीच, शुक्रबार बेलुका गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा आन्दोलनरत पक्षसँग कुरा गर्दै मन्त्री किरातीले देश कठिन अवस्थामा रहेका बेला आन्दोलन त्याग्न आग्रह गर्नुभयो । उनले नेपाल वायु सेवा निगमसँग पर्याप्त हवाईजहाज नभएकाले लिजमा लिएर भए पनि चाँडोभन्दा चाँडो भैरहवाबाट उडान गर्ने सोचमा सरकार रहेको बताए । मन्त्री किरातीले दैनिक चार वटाभन्दा बढी अन्तर्राष्ट्रिय उडान गर्ने कम्पनीले एउटा उडान अनिवार्यरुपमा भैरहवाबाट गर्नुपर्ने नियम सरकारले बनाउने बताए ।

# सहमतिमै टुंगिन्छन् घरेलु हिंसाका मुद्दा

रासस
झापा ।
घरेलु हिंसाबाट पीडित महिला न्यायका लागि प्रहरीकहाँ पुग्ने गरे पनि अधिकांश मुद्दा सहमतिमै टुङ्गिने गरेका छन् । झापामा विगत तीन वर्षमा घरेलु हिंसाका छ सय २२ उजुरी प्रहरी कार्यालयमा दर्ता भएकामा पाँच सय उजुरीको निरुपण सहमतिबाटै भएको पाइएको छ । अधिवक्ता मणि पराजुलीका अनुसार घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६ बमोजिम जुनसुकै व्यक्तिले घरेलु हिंसा भइरहेको र भएको विषयमा प्रहरीमा उजुरी दिनसक्ने कानुनी व्यवस्था छ । त्यस्तो उजुरी अदालत, स्थानीय तह र राष्ट्रिय महिला आयोगमा पनि दर्ता गर्न पाइने उनले बताए । अभियुक्त चाँडो पक्राउ पर्ने र सुरक्षा पाउने आशमा पीडित उजुरी लिएर प्रहरीकहाँ जाने गरेका अधिवक्ता पराजुली बताउँछन् । अरु निकायमा उजुरी दिँदा आरोपितलाई पक्राउ गर्न प्रहरी नै परिचालन हुने हुँदा उजुरी दिन पीडित प्रहरीकहाँ नै धाउने गरेका छन् । आर्थिक वर्ष २०७७÷७८ मा झापामा दुई सय २० घरेलु हिंसासम्बन्धी उजुरी प्रहरीमा दर्ता भएकामा ७८ प्रतिशत अर्थात् एक सय ७२ उजुरीमा बादी र प्रतिबादीबीच सहमति भएको प्रहरी उपरीक्षक दुर्गाराज रेग्मी बताउँछन् । प्रहरीमा दर्ता भएका १४ उजुरीमात्र अदालतसम्म पुगेका थिए । उजुरीकर्ता र आरोपितबीच सहमति भएपछि मुद्दा टुङ्गिने गरेका छन् । आव २०७८÷७९ मा दुई सय ४७ तथा आव २०७९÷८० मा एक सय ५५ घरेलु हिंसाका घटनाबारे उजुरी प्रहरीकहाँ दर्ता भएका थिए । आव २०७७÷७८ मा ८३ प्रतिशत अर्थात् दुई सय चार उजुरी सहमतिमा टुङ्गिएका थिए । प्रहरीकहाँ दर्ता भएका १२ उजुरीमात्र अदालतसम्म पुगेका थिए । आव २०७९÷८० मा ८० प्रतिशत अर्थात् एक सय २४ उजुरी सहमतिबाटै निरुपण भएको र चार उजुरीमात्र अदालतसम्म पुगेको प्रहरी उपरीक्षक रेग्मी बताउँछन् । चालु आव २०८०÷८१ को कात्तिक मसान्तसम्म घरेलु हिंसाका ६९ उजुरी दर्ता भएकामा ५४ वटामा सहमति भइसकेको छ । यो सहमति कुल उजुरी सङ्ख्याका आधारमा ७८ प्रतिशत हो । उजुरी परेपछि प्रहरीले आरोपितलाई अनुसन्धानका लागि तत्कालै बोलाएर सोधपुछ गर्दै आएको छ । कतिपय उजुरीकर्ता नै आरोपित पक्षसँग कागजी सहमति गरेर मेलमिलापमा जान इच्छुक हुने भएकाले सहमति हुने गरेको प्रहरी उपरीक्षक रेग्मी बताउँछन् । 'घरेलु हिंसाका उजुरी आउनासाथ आरोपितलाई छलफलका लागि प्रहरी कार्यालयमा बोलाउने गरिएको छ', प्रहरी उपरीक्षक रेग्मी भन्छन्, 'दुवै पक्षबीच छलफल हुँदा मुद्दामा सहमति भयो भने हामी उहाँहरूलाई कागज गराएर घर पठाइदिन्छौँ ।' उजुरी परेका सबै घटना आरोप लगाउन मिल्ने किसिमका नहुने उनको भनाइ छ । 'असमझदारी र आवेशमा हुने साना घटनामा पीडित छलफलपछि स्वतः मेलमिलापको चरणमा पुग्ने गरेका छन् । घरेलु हिंसाका घटनाको उजुरी लिखितरूपमै ल्याउनुपर्छ भन्ने हुँदैन । कोही पीडित घरेलु हिंसामा परेँ भनेर प्रहरीकहाँ मौखिक उजुरी लिएर आयो भने प्रहरीले उजुरीको प्रक्रियाका लागि निवेदन लेखिदिने काम गरिदिन्छन्', प्रहरी उपरीक्षक रेग्मी भन्छन् ।' पीडित पक्षले उजुरी फिर्ता लिँदा र छलफलपछि दुवै पक्ष मेलमिलापमा जाँदा प्रहरी कार्यालयबाटै सहमतिमा मुद्दा टुङ्गिने अधिवक्ता पराजुली बताउँछन् ।

# जनतालाई राहत र ऋणीलाई सहुलियतः नेपाल

**रासस**
**कास्की ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले देशको अर्थतन्त्रमा देखिएको सङ्कटका कारण प्रभावित बनेका व्यवसायी र ऋणीलाई सरकारले सहुलियत दिने कार्यक्रम ल्याउनुपर्ने बताएका छन् ।
समाजवादी प्रेस सङ्गठन नेपाल कास्कीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष नेपालले अहिले अर्थतन्त्र कामचलाउको अवस्थामा छ भनेर चित्त बुझाएर बस्न नहुने उल्लेख गरे । उनले भने, 'विभिन्न कारणले धेरै व्यवसायीको हालत खराब भएको छ । ऋणको ब्याज बढेको छ । ऋण तिर्न नसकेर गम्भीर सङ्कटमा परेका व्यवसायीलाई ऋण चुक्ता गर्ने समय बढाएर हुन्छ वा ब्याजदर घटाएर हुन्छ राहत तथा लगानीकर्ता र ऋणीलाई सहुलियत दिनेबारे सरकारले सोच्नु पर्दछ ।'
अध्यक्ष नेपालले जनताका पीडा समाधान गर्ने गरी सरकारले काम गर्नुपर्नेमा जोड दिए । उत्पादन वृद्धि गर्ने र युवालाई स्वदेशमै रहने वातावरण निर्माण गरिनुपर्नेमा उनले जोड दिए । एकीकृत समाजवादी चुनौती सामना गर्ने आँट राखेर सबै शक्तिलाई एकताबद्ध बनाएर अघि बढिरहेको अध्यक्ष नेपालले स्पष्ट पारे । 'हामी कसैप्रति आग्रह पूर्वाग्रह राख्दैनौँ । हाम्रो निम्ति राष्ट्र र जनता नै मूल कुरा हुन् ।
राष्ट्रियताको रक्षा, राष्ट्रिय हितको प्रवर्द्धन र स्वाभिमानको रक्षा हाम्रो निम्ति मुख्य कुरा हुन्' उनले भने । गण्डकीमा एकीकृत समाजवादीलाई मन्त्रिपरिषद्मा सहभागी न गराएर मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सहमतिको पालना नगरेको अध्यक्ष नेपालको आरोप थियो ।
उनले पार्टीलाई मन्त्रिपरिषद्मा सामेल गराउने विषयमा थप कुराकानी गर्ने स्पष्ट पारे । केन्द्रीय, प्रदेश र स्थानीय सरकारले आफ्नो विकासको प्राथमिकता तोकेर त्यही अनुरुप काम गर्नुपर्ने अध्यक्ष नेपालको सुझाव थियो ।

# पशुपतिमा बालाचर्तुदशीको तयारी पूरा

**मधेशदृष्टि**
**काठमाडौँ ।**
पशुपति क्षेत्र विकास कोषले बालाचर्तुदशी पर्वका लागि सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । पशुपतिनाथ मन्दिर परिसरमा आइतबार रातिदेखि सुरु हुने बालाचतुर्दशी पर्वका लागि सम्पूर्ण तयारी पूरा गरेको कोषका सदस्यसचिव राजुकुमार खत्रीले जानकारी दिए । उनका अनुसार कोषले बालाचर्तुदशीको अवसरमा दीपप्रज्ज्वलनदेखि 'कोर' क्षेत्रमा शतबीज छर्ने व्यवस्था मिलाइएको जनाएको छ । आफ्ना दिवङ्गत भएका पितृहरूको सम्झनामा मृतकका आफन्तजनबाट रातभर दीप प्रज्ज्वलन गरी भोलिपल्ट शतबीज छर्ने भएकाले उनीहरूको सुरक्षादेखि सहज ढङ्गले कार्यसम्पन्न गर्नेसम्मको व्यवस्था कोषले मिलाएको कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले बताए । उनले भने, 'नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा मूल शिविर बनाई संयुक्त सुरक्षा योजनाअनुसार भक्तजनको सुरक्षाका लागि कोर क्षेत्रमा शतबीजमार्ग र बत्ती बाली बस्ने स्थानमा पर्याप्त सुरक्षाकर्मी खटाइने भएको छ ।' यसैगरी मृगस्थलीभित्र मृग राखेको स्थानमा पनि शतबीज छर्ने परम्परा भएको मृगस्थली प्रवेश गर्ने द्वारमा पनि विशेष सुरक्षाकर्मीको टोली परिचालन गरिने कोषले जनाएको छ । कोषले पर्व, मेला र विशेष अवसरमा चोरीका घटना पनि हुनसक्ने सभावनालाई मध्यनजर गरी बहुमूल्य गरगहना लगाएर नआउन पनि भक्तजनलाई आग्रह गरेको छ । यसैगरी छालाको जुत्ता पनि नलगाइदिन अनुरोध गरिएको छ । मदिराजन्य पदार्थ बिक्री वितरण हुन नदिन तथा अन्य अवाञ्छित गतिविधि नहोस् भन्नका विशेष सुरक्षा टोली परिचालन गर्नुका साथै ठाउँ ठाउँमा सिसी क्यामेरा जोड्ने काम गरिएको कोषका सदस्यसचिव खत्रीले बताए । यसैगरी पशुपतिनाथ मन्दिर परिसरमा यही मङ्सिर २४ गते रातिदेखि सुरु हुने बालाचतुर्दशी पर्वमा जथाभावी शतबीज नछर्न पशुपति क्षेत्र विकास कोषले आग्रह गरेको छ । आउँदो सोमबार शतबीज छर्दा १३ बुँदे नियम पालना गर्न भक्तजनलाई अनुरोध गरिएको छ । कोषले ढुङ्गा छापेको ठाउँमा शतबीज नछर्न र वृक्षरोपण गरेको ठाउँ र बिरुवाको संरक्षण गर्न तथा बालबालिकाको साथमा परिचयपत्र राख्न आग्रह गरिएको छ । कोषले कैलाश चौरमा पाल राखी बत्ती बाल्न नपाइने तर शतबीज भने छर्न पाइने जनाएको छ । बत्ती बाल्नका लागि कैलाशको फेदी, पशुपतिनाथ मन्दिर परिसर, पशुपति कोरक्षेत्र, हंशमण्डप, चौरसहित वाग्मती नदीको खाली किनारामा व्यवस्था गरिएको जनाएको छ । बालाचतुर्दशी पर्वलाई लक्षित गरी पशुपति मन्दिरको वरपरका क्षेत्रमा माछा, मासु, जाड–रक्सी र अन्य नशालु लागू पदार्थ सेवन तथा बिक्री÷वितरणमा रोक लगाइएको छ । आफ्ना पितृको स्मृतिमा अघिल्लो दिन रातभर बत्ती बालेर जाग्राम बस्ने र भोलिपल्ट बिहानै शतबीज छर्ने चलन छ ।
पशुपतिनाथमा लाग्ने बालाचतुर्दशी पर्वलाई मध्यनजर गर्दै गौशाला मित्रपार्क सडकबाट पूर्व, पशुपति क्षेत्रको पूर्व सिमानादेखि पश्चिम, गौशाला तिलगङ्गा चक्रपथबाट उत्तर,
मित्रपार्क–उमाकुण्ड–गौरीघाट हुँदै गुह्येश्वरीबाट दक्षिणभित्रका सबै भागमा यही मङ्सिर २७ गतेसम्म मासु तथा मदिरा उत्पादन, बिक्री, ओसारपसार, भण्डारण र सेवनमा पूर्णरूपमा रोक लगाइएको पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव खत्रीले बताए । उनले भने, 'बालाचतुर्दशी पर्वलाई मध्यनजर गर्दै हामीले जिल्ला प्रशासन कार्यालयमार्फत राष्ट्रदेव भगवान् पशुपतिनाथ मन्दिर परिसर र आसपासका विभिन्न क्षेत्रमा मासु तथा मदिरा उत्पादन, बिक्री, ओसारपसार, भण्डारण र सेवन गर्न नपाइने सूचना प्रकाशित गरेका छौँ, सूचनाको बर्खिलाप हुने गरी कुनै काम गरेमा प्रचलित कानुनबमोजिम कारबाही हुने छ ।' यसैगरी बालाचतुर्दशी पर्वका लागि पशुपतिनाथमा आउने भक्तजनका लागि नेपाली सेना र पशुपति क्षेत्र विकास कोषले निःशुल्करूपमा (१३ हजार स्क्वाएर फिट) टेन्ट तथा पार्किङको व्यवस्था मिलाएको कोषका सदस्यसचिव खत्रीले बताए । उनले भने, 'बालाचतुर्दशी पर्व लाग्ने कैलाशडाँडा र कोर एरियालाई व्यवस्थित बनाइएको छ, भक्तजनलाई कुनै समस्या आउन दिइने छैन ।'

# बूढीगण्डकीसफल बनाउनुपर्छः ओली

**रासस**
**गोरखा ।**
नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजनालाई जसरी पनि सफल बनाउनुपर्ने बताएका छन् । पुष्पलाल मध्यपहाडी लोकमार्ग केन्द्रित झुलाघाट–चिवाभञ्ज्याङ सम्मृद्धिका लागि सङ्कल्प यात्रा, २०८० अन्तर्गत शनिबार गोरखा आइपुगेका अध्यक्ष ओलीले सदरमुकाममा आयोजित सर्वपक्षीय भेलालाई सम्बोधन गर्दै बूढीगण्डकी परियोजना सफल बनाउन पछि हट्न नहुने बताए ।
'बूढीगण्डकी आयोजना निर्माण गर्न ठुलो क्षेत्रफलका लागि धेरै रकम मुआब्जा दिइसकेका छौँ । सरकारले अधिग्रहण गरी मुआब्जा दिएकाले आयोजना निर्माण अगाडि बढाउनुपर्छ' उनले भने । आयोजना निर्माणका लागि आफूहरुले सरकारलाई घचघच्याउने काम गरिरहेको अध्यक्ष ओलीको भनाइ थियो । नेपालका परियोजना निर्माण गर्दा फाइदा हुनेगरी बनाउन दिनुपर्ने उनको भनाई थियो ।
आयोजना निर्माणमा ढिला भयो भन्दैमा सरकारले अधिग्रहण गरेको जमिन जनताले कब्जा गर्न नमिल्ने अध्यक्ष ओलीले बताए ।
'विभिन्न बाहानामा समस्या सिर्जना गर्न हुँदैन । जलाशययुक्त आयोजना तयार भएर डुबान नुहँदासम्म खेती लगाएर खाए हुन्छ । त्यसलाई बाँझै राख्नुपर्ने वा खाली छोड्नुपर्ने आवश्यकता छैन ।'
अध्यक्ष ओलीले पुष्पलाल मध्यपहाडी लोकमार्ग निर्माणमा ढिलाई भएकोमा असन्तुष्टि व्यक्त गरे ।

# कानुन निर्माण नहुँदा ..........

देखिन्छ भने प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध र समन्वयसम्बन्धी कानुन प्रदेशबाट यथाशिघ्र जारी हुनुपर्ने आवश्यकता छ । स्थानीय बोर्डको काम, कर्तव्य र अधिकार तथा कार्यपालिका सदस्यको भूमिका स्पष्ट नभएकाले सदस्यहरु भूमिकाविहीनजस्तै छन् । सबैभन्दा बढी प्रभावित शिक्षा र स्वास्थ्य क्षेत्रको काम संघीय र प्रदेश कानुन अभावले स्थानीय तह अघि बढ्न सकेको छैन । जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह निर्माण गरिएका कानुन संघीय कानुनसँग बाझिएर समस्या आउन सक्ने बताउँछन् । कर्मचारी बढुवासम्बन्धी ऐन निर्माण गरेर बढुवा गर्दा पछि त्यो बढुवा अमान्य भएर तलब बेरुजु भएको उनको अनुभव छ ।
साहले संघीय सरकारका कारण आफूहरु कानुन निर्माणमा अनिर्णित भएको बताए । संविधानको धारा २२६ को उपधारा (२) ले गाउँसभा तथा नगरसभाले कानुन निर्माण गर्दा सम्बन्धित प्रदेश कानुनले तोकेबमोजिमको प्रकृया अवलम्बन गर्नुपर्ने व्यवस्था छ । तत्कालीन अवस्थामा प्रदेश सभाले काम सुरु नगरेका कारण स्थानीय सरकार सञ्चालन ऐनको दफा २० को उपदफा (२) ले सभाको व्यवस्थापनसम्बन्धी विषयमा प्रदेश कानुनमा अन्यथा नभएसम्मका लागि यस परिच्छेदबमोजिमको प्रकृया अवलम्बन गरिनेछ भन्ने व्यवस्था गरेको छ । बनेका कानुन संघीय सरकारलाई पनि पठाउनुपर्ने प्रावधान स्थानीय सरकार सञ्चालन ऐनमा स्पष्ट छ । तर, विवरण भने नपठाएकाले स्थानीय तहले के–कति कानुन बनाए भन्ने विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय चैँ बेखबर छ ।
स्थानीय तहमा देखिएको बेथिति रोक्नसमेत कानुन आवश्यक छ । विशेष गरेर जनप्रतिनिधि कानुन निर्माण अभावमा भौतिक विकासतर्फ बढी केन्द्रित हुने गरेका कारण विवाद स्थानीय तहमा देखिएको हो । गाउँगाउँमा सिंहदरबारलाई वास्तविकतामा जनतासम्म पुर्याउन समयमा कानुन निर्माण आवश्यक छ ।

# जनतासँग जोडिए कांग्रेस परिवर्तनः कोइराला

**रासस**
**काठमाडौँ।**
नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले कांग्रेसलाई जनतासँग जोड्न सकेमात्र परिवर्तन हुने बताएका छन्। चितवन–काठमाडौँ प्रजातान्त्रिक सङ्गमको ३३औँ वार्षिक साधारणसभा तथा १२औँ अधिवेशनको शनिबार उद्घाटन गर्दै उनले पार्टीलाई परिवर्तन गर्दै बलियो बनाउनका लागि जनतामाझ जानुपर्ने बताएका हुन्।
'देशलाई सम्हाल्ने लोकतान्त्रिक पार्टी कांग्रेस हो। कांग्रेस परिवर्तन नभई मुलुक परिवर्तन हुन सक्दैन। कांग्रेसलाई जनतासँग जोड्न सकेमात्र पार्टी परिवर्तन भएर अगाडि बढ्न सक्छ' उनले भने। 'केही समयदेखि चितवन प्रजातान्त्रिक आन्दोलनभन्दा अलग बाटोबाट हिँडिरहेको छ। यो कांग्रेसकै केन्द्रीय नेतृत्वका कारण भएको हो।
यसको नतिजा चितवनमा कांग्रेसको सङ्गठन कमजोर हुँदै गएको छ। यसलाई बलियो बनाउन सबै एकजुट हुनुपर्छ' उनले भने। क्षेत्र, पालिका, वडामात्र नभई टोलमा समेत व्यक्तिवादी चरित्र हाबी हुँदा पार्टी सङ्गठन कमजोर हुँदै गएको उनको भनाइ थियो। कांग्रेस एक्लै चुनाव लडेत्रमात्र बलियो पार्टी बन्ने उल्लेख गर्दै भने, 'जबसम्म हामी एक्लै चुनाव लड्न सक्दैन तबसम्म पार्टी झन्झन् कमजोर हुँदै जान्छौँ।' नेता कोइरालाले देशको आर्थिकस्थिति विदेशीसँग ऋण लिएर कर्मचारीलाई तलब खुवाउने अवस्थामा पुगेको भन्दै चिन्ता व्यक्त गरे। उनले स्वदेशमा अध्ययन र काम गर्ने वातावरण नभएकाले गत वर्षमात्र प्लस टु पढेर एक लाख २७ हजार विद्यार्थी विदेश गएका भन्दै उक्त युवाशक्तिलाई स्वदेशमा रोक्नका लागि सरकारले ठोस कार्यक्रम अगाडि सार्नुपर्ने सुझाव दिए। देशका ठूला भ्रष्टाचारमा राजनीतिक नेता, कर्मचारी र व्यापारी जोडिएको भन्दै भ्रष्टाचार अन्त्य नगरेसम्म देशको विकास नहुने उनले बताए। पार्टीको महाधिवेशन भएको दुई वर्ष बित्न लाग्दासम्म भ्रातृ संस्था तथा विभागलाई पूर्णता दिन नसक्नु पार्टी नेतृत्वको कमजोरी भएको नेता कोइरालाको भनाइ थियो।

# मृत्यु प्रकरणमा सुधारकेन्द्र.............

तत्कालीन प्रहरी प्रमुख प्रहरी निरीक्षक शिवराम थापाले सुधार केन्द्रका सञ्चालकको नाम हटाएर जाहेरी ल्याउन भनेका पीडित परिवारको भनाई थियो । घटनास्थल इलाका प्रहरी कार्यालय लालबन्दीको क्षेत्रमा पर्ने भए पनि इलाका प्रहरी कार्यालय लालबन्दीमा प्रहरी निरीक्षक नभएकाले इलाका प्रहरी कार्यालय हरिवनका तत्कालीन प्रहरी प्रमुख प्रहरी निरिक्षक थापाले नै दुवै इलाका हेरिरहेका थिए । पीडित परिवारका अनुसार शव प्रादेशिक अस्पताल मलंगवामा पोष्टमार्टम गर्दा शरीरका विभिन्न भागमा कुटपिट गरेको चोटपटक तथा निलडाम देखिएको थियो । पीडित परिवारका अनुसार बुढेसकालको साहारा कान्छो छोराको मृत्युका कारण उनका बुबाको पनि केही समयपछि मृत्यु भएको परिवारजनले बताए ।
सुधार केन्द्रका सञ्चालक सापकोटालाई पुर्पक्षका लागि झुम्का कारागार चलान गरेको भए पनि उनका व्यावसायिक साझेदारीहरु सन्देश कुमार पराजुली, मेघनाथ राउत(सन्तोष) र राजकुमार घिमिरे फरार छन् । सापकोटालाई जिल्ला अदालत सर्लाहीका न्यायाधीश सूर्यबहादुर थापाले मूलुकी अपराध संहिता २०७४ को लफा १८५ को(१) बमोजिम कसुरमा सोही संहिताको दफा १८५ को (२) बमोजिम सजाय गर्न पुर्पक्षका लागि झुम्का कारागार सुनसरी चलान गरेका हुन् । अभियुक्त सापकोटाले सुधार केन्द्रमा वैशाख २४ गते राजकुमार घिमिरे र मृतक कार्कीसँग वादविवाद भएको र अन्य प्रतिवादीहरुले छुट्याएका थिए । मृतक कार्कीको शरीरमा कसले चोटपटक लगाइदिए भन्ने थाहा नभएको बयान दिएका थिए । शव परीक्षण प्रतिवेदन र मृत्युको कारण खुलेको पत्रसहितको कागजात, मृतकको शरीरको विभिन्न भागमा ८ प्रकारका घाउचोट रहेको भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको अवस्थामा समेत मिसिल संगलग्न र हालसम्म संकलित प्राप्त प्रमाणबाट प्रतिवादी सापकोटा अभियोग दाबीबमोजिम कसूरदार रहेका भन्दै अदालतले पुर्पक्षका लागि कारागार चलान गरेको जनाएको छ ।

# समाजवादीको सचिवालय बैठक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकीकृत समाजवादीले मङ्सिर २८ र २९ गते सचिवालय बैठक काठमाडौँमा बोलाएको छ । बैठकले राष्ट्रियसभाको आसन्न निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवार बन्न मापदण्ड तय गर्नुका साथै मापदण्डका आधारमा उम्मेदवार छनोट गर्ने छ । सचिवालय बैठकले गर्ने निर्णयलाई स्थायी समिति र पोलिट्ब्यूरो सदस्यको बैठकले अनुमोदन गरेपछि कार्यान्वयन गरिने छ । पार्टीको आन्तरिक विवाद समाधानमा केन्द्रित हुने छलफलमा इलाममा हुने प्रतिनिधिसभाको उपनिर्वाचनलगायत सबै तहका उपनिर्वाचनमा पार्टीका तर्फबाट आवश्यक तयारी, समन्वय र सहजीकरण गर्ने विषयमा छलफल गरिने महासचिव घनश्याम भुसालले जानकारी दिए । सुशासन, जनजीविका, समसामयिक राजनीतिक विषयमा छलफल गरिने बैठकमा समान विचार राख्ने राजनीतिक दलहरू, सङ्घसंस्था तथा समूहसँग भएका कार्यगत एकताबारे जानकारी गराइने छ । देशभर साङ्गठनिक अवस्था, जनवर्गीय सङ्गठनको कार्यप्रगतिको समीक्षा गरिने बैठकमा केही नेताहरूको जिम्मेवारी हेरफेरसमेत गरिने छ ।

# सुगर मिल सञ्चालनले किसानलाई राहत होला ?

**मधेशदृष्टि**
**बारा ।**
श्रीपुरस्थित रिलायन्स सुगर एण्ड केमिकल इण्डष्ट्रिज सञ्चालनमा आउने भएको छ । किसानको पिडा बुझी करखाना सञ्चालनमा ल्याउन लागेको सञ्चालक राजकुमार अग्रवालले जानकारी दिए ।
शनिबार उखु किसान संघ र मिल सञ्चालकको रोहवरमा ६ बुँदे सहमति गरी चलान वितरण थालिएको हो । सरकारले मूल्य निर्धारण नगरेसम्म मिलले शून्य दररेटमा उखु खरिद गरी क्रसिङ्ग सुरू गर्ने, सरकारले तोकेअनुसारको रेट तुरून्त भुक्तानी गरिने, उखुको भुक्तानी चाँडो गरिने, संघको बक्यौता रकम भुक्तानी व्यवस्था, उखु किसानले लिएको ऋणमा संघले सहयोग गरी असुल उपर गराउने विषयमा सहमति भएको छ ।
उखु उत्पादक संघ र कारखानाबीच छलफल भई चलान वितरण गरी कारखाना सञ्चालन गर्ने सहमति भएको मिल सञ्चालक अग्रवालले बताए ।
किसानले लगाएको बालीमा कीरा लाग्ने, किसानले समयमै उखु नकाटे सुक्ने डरले संघलाई बसाई सहमति गरी मिल मंगलबारदेखि सञ्चालनमा ल्याउने तयारी भएको सञ्चालक अग्रवालले बताए । उखु किसान घाटामा नजाओस् भन्ने अभिप्रायले मिल सञ्चालन गर्न तयारी भएको उनले बताए ।
पछि सरकारले तोकेको मूल्य किसानलाई दिन सहमति भएको उनले बताए । देश आर्थिक मन्दीबाट गुज्रिरहेका बेला सरकारले हालसम्म उखुको समर्थन मूल्य तोक्न नसक्दा ढिलो भएको हो । मिलमा करिब ३० हजार क्विन्टल उखु क्रसिङ्गका लागि स्टक गर्ने र ३० हजार बाटोमा आउने तयारीमा हुँदा मिल सञ्चालन गर्ने गरिएको छ । जसले गर्दा मिल निरन्तर चलिरहन्छ ।
उखु नगदे बाली भनेर चिनिने भए पनि मिल सञ्चालकले उधारो बाली बनाएको उखु उत्पादक किसान संघ बाराले आरोप लगाएको छ ।
समयमा मिल सञ्चालकले मिल सञ्चालन नगर्नु, भुक्तानी समयमा नदिनुले किसान हतोत्साहित भएकाले किसान नगदे बाली उखुखेतीतर्फ हतोत्साहित हुँदै गएको उखु उत्पादक किसान संघ बाराका अध्यक्ष वीरेन्द्र प्रसाद कुशवाहाले जानकारी दिए । यस आर्थिक वर्षमा करिब ३० लाख क्विन्टल उखु लगाइएको संघले जनाएको छ । खेती गर्ने किसानको संख्यामा वृद्धि भएको र उखुको बीउ गुणस्तरीय भएकाले उत्पादन बढेको संघले जनाएको छ ।
गतवर्ष उखु सुकेकोले १९ लाख ३५ हजार टन क्रसिङ्ग गरेको थियो । किसानले उत्पादन गरेको उखुको चलान नपाएकोले छिमेकी जिल्ला रौतहटमा लगेर बेच्दा घाटा हुने भएकोले रिलायन्स मिलको भर पर्नु पर्ने बाध्यता रहेको उखु किसान बताउँछन् ।
साहु, बैंकबाट, ऋण लिएर उखु खेती गरेको र समयमा बाली बिक्री नहुँदा खेतमै उखु सुक्ने डरले कम मूल्यमै भए पनि स्थानीयस्तरमा सक्खर उत्पादन गर्ने मिललाई बिक्री गर्दै आएको किसानको भनाई छ । उखु किसान संघले पाउनु पर्ने ४ वर्ष सिजनको भुक्तानीबारे छलफल भइरहेको छ । संघले पाउनुपर्ने करिब १५ लाख रुपैयाँ बक्यौता रहेको अध्यक्ष कुशवाहाले जानकारी दिए ।

## राष्ट्रिय एकता अभियानको सम्मेलन

**मधेशदृष्टि**
**सप्तरी ।**
राजविराजमा राष्ट्रिय एकता अभियानको जिल्ला सम्मेलन भएको छ । सम्मेलन संघीय हिन्दू गणतन्त्र स्थापना, चिनियाँ विस्तारवाद र इस्लामिक अतिवादविरुद्ध चेतना जगाउने उद्देश्यले आयोजना भएको हो ।
सम्मेलनले पार्थव सरकारको अध्यक्षतामा भएको थियो भने प्रमुख अतिथि राष्ट्रिय अध्यक्ष विनय यादव थिए ।
अभियानका वरिष्ठ नेता बिपी यादव, नेपाली काङ्ग्रेसका जिल्ला उपाध्यक्ष रामकुमार यादव, पूर्वउपमेयर मीना चौधरी, कथाकार पण्डित रामकुमार शास्त्री, सर्वेश्वरी झा, हिन्दूनेता अरविन्द साह र डा. चिरञ्जीवीलाल देवलगायत सम्मेलनमा सहभागी थिए ।
नेपालमा हिन्दू गणतन्त्र स्थापना गर्न अभियानले सशक्त आन्दोलन गरिरहेको छ ।
सम्मेलनमा हिन्दू धर्मको महत्व र नेपालको राष्ट्रिय पहिचानमा यसको भूमिकाबारे प्रकाश पारिएको थियो ।
त्यस्तै, अभियानले चीनको बढ्दो क्षेत्रीय अतिक्रमण र इस्लामिक कट्टरपन्थीविरुद्ध निरन्तर आवाज उठाइरहेको छ । सम्मेलनमा यस्ता खतराबारे जनचेतना जगाउने र त्यसको सामना गर्ने रणनीति बनाउने विषयमा छलफल भएको थियो । सम्मेलनले पार्थव सरकारको अध्यक्षतामा ११ सदस्यीय जिल्ला तदर्थ समिति गठन गरेको छ । सम्मेलन समापनमा अभियानका राष्ट्रिय अध्यक्ष यादवले भने, 'अभियान नेपालको अखण्डता, संस्कृति र स्वाधीनताको रक्षा गर्न प्रतिबद्ध संस्था हो, हामी समृद्ध र शक्तिशाली हिन्दू राष्ट्र निर्माण गर्न अथक प्रयास गरिरहेका छौँ ।'

## महोत्तरीमा तदर्थ समिति




संघीय हिन्दू गणतान्त्रिक देश स्थापना एवम् चिनियाँ विस्तारवाद र जिहादी अतिवादविरुद्ध कार्य गर्दै आएको राष्ट्रिय एकता अभियानले महेश कुमार यादवको अध्यक्षतामा महोत्तरीमा राष्ट्रिय एकता अभियानको जिल्ला तदर्थ समिति गठन गरेको छ ।
उपाध्यक्षद्वयमा मोहन कुमार पाण्डेय र दिनेश चौधरी चयन भएका छन् भने सचिवमा सुवास मिश्र, सहसचिवमा अजय कुमार झा, कोषाध्यक्षमा उपेन्द्र यादव तथा सदस्यहरुमा हरिनारायण दास, प्रमोद कुमार पाण्डेय, राम कुमार यादव, राम दयाल दास र कोपेन्द्र झा चयन भएका छन् ।
कार्यक्रममा राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले चिनियाँ विस्तारवाद र जिहादी अतिवादको विरोध गर्दै देशमा विद्यमान विभिन्न संस्कृति, भाषाभाषी तथा क्षेत्रलाई एकताबद्ध गर्दै संघीय हिन्दू गणतान्त्रिक देश स्थापना गर्न राष्ट्रिय एकता अभियान अहोरात्र क्रियाशील रहेको बताए ।
कार्यक्रममा अभियानका वरिष्ठ नेता विपी यादव, अभियानका केन्द्रीय सदस्य जितेन्द्र दासलगायतका वक्ताले हिन्दू बाहुल्य देश, हिन्दू संस्कृति संरक्षण संवद्र्धन गर्दै चिनियाँ विस्तारवादबाट बचाउन राष्ट्रियता बलियो बनाउन राष्ट्रिय एकता अभियानलाई मजबुत बनाउनु पर्ने बताए ।

## सिसिटिभी बिग्रियो, बनाइदिने भएनन्



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी, जिराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनी, छिपहरमाईलगायतका गाउँपालिकामा रहेका अधिकांश सामुदायिक विद्यालयमा जडान गरिएका सिसिटिभी क्यामेरा मर्मत सम्भारको अभावमा बन्द भएका छन् ।
शैक्षिक गुणस्तर बढाउन र शिक्षक विद्यार्थीलाई निगरानी गर्न स्थानीय तहले सिसिटिभी क्यामरा जडान गरेका थिए । तर अहिले अधिकांश क्यामेरा सञ्चालनमा नभई बन्द छन् ।
सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर १ मा रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिरही सथबलका प्रधानाध्यापक दिलीप बुढाथोकीका अनुसार जडान गरिएका सिसिटिभी क्यामेरा महिनौँदेखि बिग्रेर बन्द रहेको र मर्मतका निम्ति मौखिकरुपमा सम्बन्धित निकायलाई जानकारी गराइए पनि कुनै किसिमको पहल नभएको बताए ।
यसैगरी, पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ४ मा रहेका नेरामावि दाप सुगौलीका प्रधानाध्यनपक रामाशंकर प्रसाद राउतले विद्यालयमा जडान भएका सिसिटिभी क्यामेरा सञ्चालनमा नरहेको बताए ।
त्यसैगरी, ठोरी गाँउपालिका वडा नम्बर ५ मा रहेको ज्ञानवाटिका मावि सुवर्णपुरमा अज्ञात समूहले विद्यालयको सिसिटिभी क्यामरा फुटाइदिएका र बचेका दुई वटा पनि बिग्रिएका छन् । सिसिटिभी क्यामेरामार्फत निगरानी नहुँदा पर्साका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कँदै गएको स्थानीयले बताए ।

## अवैध काठसहित १५ तस्कर समातिए

**मधेशदृष्टि**
**रौतहट ।**
डिभिजन वन कार्यलय रौतहटले सैयाँ क्युबिफिट सालको काठ बरामद गर्नुका साथै १५ जना तस्करलाई पक्राउ गरेको छ ।
वन गस्ती टोलीले सक्रियता बढाएसँगै तस्करले पनि नयाँ युक्ति निकालेर सालको काठ अवैध रूपमा कटानी गरेर तस्करी गर्ने गरेको पाइएको छ । हेर्दा पत्यारै नलाग्ने किसिमका चारपाँच फिटसम्म मोटाई भएको सालको गोलिया काठ तस्करले साइकलमै ढुवानी गर्ने गरेको पाइएको छ । दुई दिनअघि मात्र सशस्त्र वन सुरक्षा गस्ती टोलीले बलेरी खोर जंगलबाट त्यस्तै किसिमले तस्करले ढुवानी गर्न लागेको दुईवटा साइकल जोडेर लोड गरिएको विशाल सालको गोलिया बरामद गरेको छ ।
राष्ट्रिय वनमा तस्कर समूह प्रवेश गरेको सूचनाका आधारमा गएको सुरक्षा टोलीले नयाँ प्रविधिबाट चोर्दै गरेको साइकलसहितको गोलिया काठ बरामद गरिएको डिभिजन वन कार्यालय रौतहटका प्रमुख शैलेन्द्र कुमार मिश्रले बताए ।
डिभिजन प्रमुख मिश्रको सक्रियतामा वन कार्यालय चन्द्रनिगाहपुर तथा मातहतका सब डिभिजन कार्यालयबाट खटिगएको गस्ती टोलीले योसँगै सैयौँ क्युफिट सालको काठ बरामद गर्नुका साथै दर्जन बढी तस्करलाई पक्राउ गरेको हो ।
राष्ट्रिय तथा विभिन्न साझेदारी वनबाट अवैधरुपमा ल्याउँदै गरेको अवस्थामा सशस्त्र वन सुरक्षा टोलीले साउन १५ गते यता ३ सय ९७ क्युफिट सालको काठ बरामद गरेको छ । काठ तस्करी र अवैध शिकारमा संलग्न १५ तस्कर पक्राउ गर्नुका साथै काठतस्करीमा प्रयोग गरिएको पिकअप भ्यान, ट्र्याक्टर, टायर गाडा, मोटरसाइकल र १४ थान साइकल बरामद भएको डिभिजन प्रमुख मिश्रले जानकारी दिए ।
त्यसैगरी, पक्राउ परेका तस्करलाई कानुनी कारबाही गरी जरिबानास्वरूप ६ लाख १३ हजार १ सय २० रुपैयाँ राजश्व संकलन गरिएको सहायक अधिकृत राजेश साहले बताए ।
असोज १ गते डिभिजन वन कार्यलय रौतहटको प्रमुखका रुपमा कार्यभार सम्हालेदेखि जिल्लामा तुलनात्मकरुपमा काठको चोरी तस्करीमा कामी आएको स्थानीयले बताए ।

## जन्मदिनमा वृक्षारोपण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका प्रदेश सांसद तथा पूर्व प्रदेशमन्त्री रामसरोज यादवले वृक्षारोपण गरेर जन्मदिन सव मनाएका छन् । जनकपुरधाम वडा नम्बर ८ का युवा नेता दीपक ठाकुरको पहलमा एउटा विद्यालयमा रुद्राक्ष, अमला, निमसहितका वृक्ष रोपेर उनले जन्मदिन मनाए ।
मोर्डन नेपाल अंग्रेजी आवासीय विद्यालयका विद्यार्थी, अभिभावक र सञ्चालक, पार्टीका नेतासँग नेता यादवले जन्मदिन मनाए । पर्यावरण रक्षा र वातावरण सन्तुलन मात्र नभई मानव जीवनको रक्षाका लागि पनि वृक्षारोपण अपरिहार्य रहेकाले सबैले आफनो जन्मदिनमा कम्तिमा एक वृक्ष रोप्ने र त्यसलाई हुर्काउने प्रण गर्नु पर्ने उनको भनाई थियो ।
कांग्रेस मधेश प्रदेशका सदस्य जिवनाथ चौधरी, रामानन्द युवा क्लबका पदाधिकारीसहित कांग्रेसका युवा नेताको सहभागिता थियो ।

## बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

## लागुऔषधसहित दुई पक्राउ




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्लाही प्रहरीले मलंगवा–८ मा विशेष सुराकीका आधारमा लागुऔषधसहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।
४४ वर्षीय दुलार राय र वडा नम्बर ३ का ३५ वर्षीय चन्दन पासवान अवैध प्रतिबन्धित लागुऔषध विनसेरेक्स १ सय २० बोतलसहित पक्राउ परेका हुन् । उनीहरुलाई सर्लाही अदालतबाट म्याद थप भई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।
यस्तै, सप्तरीमा प्रहरीले ब्राउन सुगरसहित युवकलाई पक्राउ गरेको छ । सुरुङ्गा नगरपालिका–५ कुशाहाका २७ वर्षीय उमेश चौधरी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।
चौधरीलाई इलाका प्रहरी कार्यालय कडोरवानाबाट खटिएको प्रहरी टोलीले सुरुङ्गा–५ कुशाहा टोल सडक खण्डबाट पक्राउ गरेको हो । उनले लगाएको जिन्स पाइन्टबाट शून्य दशमलव ३५ मिलिग्राम ब्राउन सुगर बरामद भएको प्रहरी प्रवक्ता एवम् डिएसपी ढुण्डीराज न्यौपानेले जानकारी दिए ।

## विना खनजोत गहुँखेती

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गहुँ खेतीका लागि कृषि मजदुर तथा पानी अभाव भएपछि महोत्तरीको पिपरामा विनाखनजोत गहुँ खेती सुरु भएको छ । कृषि अनुसन्धान परिषद् बेला चापी र कृषि औजार अनुसन्धान केन्द्र रानीघाट वीरगंजको आयोजनामा अभियान सुरुआत पिपरा गाउँपालिका–३ का वडाध्यक्ष किशोरी अधिकारीले गरे । किसानलाई प्रविधिबारे जानकारी हासिल गराउने उद्देश्यले २ बिघामा खेती गरिएको हो ।
सिँचाई अभाव र अत्यधिक मात्रामा युवा वैदेशिक रोजगारीमा गएका कारण कम लागतमा अधिक उत्पादन लिन यो खेती सुरुआत गरिएको कृषि अनुसन्धान परिषद् वेलाचापीका प्रमुख राम दास चौधरीले जानकारी दिए । यस प्रविधिमा खेतको जोताई मेसिनले ११ लाइनमा गर्नुका साथै मेसिनले नै मात्रा अनुसारको बीउ तथा मल छर्ने उनले जानकारी दिए । मेसिनले नै बीउ तथा रासायनिक मल खेतमा हाल्ने भएकाले थोरै समयमा धेरै खेतमा गहुँ लगाउन मिल्ने कृषि औजार अनुसन्धान केन्द्र रानीघाट वीरगंजका प्रमुख वैज्ञानिक सच्चिन कुमार मिश्रले बताए । प्रविधिले खेती गर्दा ३० देखि ५० प्रतिशत पानी कम लाग्नुका साथै प्रतिकट्ठा २ देखि तीन मन उहुँ उत्पादन हुने कृषि वैज्ञानिक मिश्रले बताए । परम्परागत शैलीमा गहुँ खेती गर्दा लागत बढ्नुका साथै प्रति कट्ठा १ देखि डेढ मन मात्र उत्पादन हुने गरेको वडाध्यक्ष अधिकारीले जानकारी दिए ।

## बक्यौता असुल नहुँदा खानेपानी संस्था सङ्कटमा



**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिबास नगर क्षेत्रका छ हजार बढी उपभोक्तालाई खानेपानी आपूर्ति गर्दै आएको बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था आर्थिक सङ्कटमा फस्दैछ । धेरै पानी खपत गर्ने उपभोक्ताले बक्यौता महसुल नबुझाउँदा संस्था आर्थिक सङ्कटमा फस्दै गएको हो ।
संस्थाको विगत बक्यौता चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म दुई करोड १४ लाख रुपैयाँ नाघेको छ । संस्थाको अभिलेखअनुसार ५० हजार रुपैयाँ भन्दा बढी बक्यौता राख्ने उपभोक्ता झण्डै एक सयको हाराहारीमा पुगेका कोषाध्यक्ष भोजप्रसाद फुँयाल बताउँछन् । खानेपानी महसुल तिर्न अटेर गर्ने गृहस्थभन्दा कारोबारी संस्था र व्यापारिक घरानाका उपभोक्ता धेरै रहेका फँ◌ुयालले बताए ।
'संस्थामा १२ वर्षदेखि महसुल नबुझाउने पनि रहेछन्,' कोषाध्यक्ष फुँयाल भन्छन्, 'आर्थिकरुपले विपन्न देखिनेले बरु समयमै तिरेका छन्, हुनेखानेले महसुल बुझाउने काममा अटेर देखिएको छ ।' यसरी धेरै बक्यौता महसुल राख्नेमा सातवटा गैरसरकारी संस्था, छ वटा चलेका ठूला होटल, दुईवटा निजी तवरले सञ्चालित अस्पताल, दुईवटा सरकारी कार्यालय, दुईवटा विद्यालय र सम्पन्न घरानाका गनिने व्यापारी रहेका फँ◌ुयाल बताउँछन् ।
नयाँ कार्यसमिति निर्वाचित भएलगत्तै वैशाखदेखि नै बक्यौता महसुल बुझाउन ताकेता गरिए पनि अपेक्षित असुली हुन नसकेको संस्थाका पदाधिकारी बताउँछन् । पछिल्लो चरणमा कार्यालय व्यवस्थापनले महसुल नबुझाउने उपभोक्ताको धारा काट्नेसम्मका कारबाही सुरु गरिएको छ । केही उद्योगले त पानी चोरेर आफ्ना धन्दा सञ्चालन गरेकासमेत पाइएको समितिले जनाएको छ ।
पानी सङ्कलन, भण्डारण, पाइप व्यवस्थापन, पानी वितरण र कार्यालय व्यवस्थापनमा मासिक १२ लाख रुपैयाँ बढी खर्च हुन्छ । अहिले रकम अभावले समयमा सरसफाइका काम हुन नसकेर केही पानी ट्याङ्की उपयोगमा आउन नसकेका र विष्ट टोलमुनिको पानीट्याङ्कीमा विद्युतीकरण गर्न नसकिँदा सेवा प्रवाह बढी खर्चिलो भएको संस्थाका अध्यक्ष भुलनसेन ठकुरी बताउँछन् ।
'पानीट्याङ्कीमा विद्युत् पु¥याउन ४० लाख रुपैयाँ खर्च हुने अनुमान छ, रकम अभावमा विद्युतीकरण गर्न नसक्दा डिजलपम्पबाट पानी तानिँदा प्रतिमहिना छ लाख रुपैयाँ बढी खर्च हुँदैछ,' अध्यक्ष ठकुरी भन्छन्, 'पुरानो बक्यौता नआउँदा संस्था आर्थिक सङ्कट बेहोर्दैछ ।' रकमकै अभावमा विद्युतीकरण हुन सकेको छैन ।
संस्थाका बर्दिबास नगरपालिका १, २, ३ र १४ का करिब छ हजार उपभोक्ता छन् । यी उपभोक्तालाई स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउनु मुख्य जिम्मेवारी रहेको संस्था आर्थिक सङ्कटमा फस्दा गर्नुपर्ने काम प्रभावित हुँदै आएका छन् । आम उपभोक्ताको हितलाई ध्यानमा राख्दै संस्थाको कार्यसमितिले बक्यौता महसुल नबुझाउनेहरूको धारा काट्ने निर्णय गरेको अध्यक्ष ठकुरीले बताए ।

इतिहासको पांग्रा रगत एक्लैले
गुडाइरहेको इतिहास छ।
–मार्टिन लुथर

## सम्पादकीय

# रेडियो र रगत

आममानिसमा समाचारप्रति भोक जगाउने, मनोरञ्जन दिलाउने र सचेत नागरिक समाज निर्माणमा सक्रिय रहने सबैभन्दा बलियो सञ्चारमाध्यम रेडियो हो । लोकतन्त्र स्थापनापछि नेपालमा रेडियो स्टेसनहरु जनताका दुःखसुखका साथी बनेका छन् । जमानाले फड्को मारेको भन्दै स्मार्ट मोबाइलमा सबै आएकाले अब रेडियो सुन्दैनन् भन्नेहरुले पनि देश–विदेशमा के भइरहेको छ भनेर त्यही मोबाइलमा रेडियो सुन्दै मर्निङ वाक गरिरहेको भेट्छौँ । गाउँमा केही भयो कि पहिला नजिकको वडा कार्यालय, रेडक्रस, प्रहरी चौकी, एम्बुलेन्स, दमकलमा फोन गर्न छाडेर जनता नजिकैको रेडियो स्टेसनमा फोन गर्छन् । यसको अर्थ हो, जनतामा सबैभन्दा बढी विश्वास जित्ने सहज पहुँचको सञ्चारमाध्यम रेडियो नै हो । रेडियो पत्रिकाजस्तो दिनहुँ बजारमा खोज्न जान नपर्ने या वितरकले घर–आँगनमा ल्याएर कतापट्टि फालिदियो भनेर हेरिरहन नपर्ने, टेलिभिजनजस्तो केबल र स्याटेलाइटसँगै वितरककहाँ र घरमा बिजुली हुँदामात्र सजिलोसँग हेर्न सकिने या इन्टरनेट पहुँच र महँगा स्मार्ट मोबाइलमा मात्र उपलब्ध हुने अनलाइन र युट्युबजस्तो होइन । सामान्य ब्याट्री हालेर रेडियो सेट घन्काउँदै घर, खेत, कार्यालयमा पनि सुन्न सकिने सहज आमसञ्चारको माध्यम हो । गाउँठाउँमा सबैभन्दा पहिला सूचना वितरण गर्ने सञ्चार माध्यम पनि रेडियो नै हो ।

पत्रिका भोलि छापिन्छ, टिभीमा समाचार भरे आउँछ । अनलाइन र युट्युबहरु भनेजस्तो सजिलो जनतामा समयमा सूचना वितरणमा असमर्थ छन् । तर रेडियो गाउँमा केही सानो घटना हुँदाहुँदै सूचना वितरण गरेर घटनास्थलमा सरोकारवाला जुटाउन कामयाव रहने सञ्चार माध्यमका रुपमा स्थापित छ, अरु कैयौँ वर्ष यो कायम रहन्छ । जनताका हातमा मोबाइल आयो, इन्टरनेट जोडियो भनेर सूचना र समाचार टिकटकमा हाल्ने युग नेपालमा सुरु भइसकेको छैन । त्यसमाथि यस्ता आमसञ्चारका प्लेटफर्मले जनतामा विकृति ल्यायो भनेर सरकारले बन्द गरेको समाचार पनि जनताले सबैभन्दा पहिला रेडियो पढेर थाहा पाएका हुन् । खुलेछ भने पनि रेडियोमै समाचार आउनेछ तर मान्छे रेडियोमा सुन्ने र थाहा पाउने कुरा पक्कै त्यहाँ भेट्टाउने छैनन् । यही आडभरोसा र जनविश्वासमा रेडियो वीरगंज ९९ मेगाहर्ज मध्य तराईको प्रतिनिधि आवाज बनेर घन्किएको २१ वर्ष पूरा भएको छ । २२ औँ वर्ष प्रवेशका अवसरमार रेडियोले शनिबार परिसरमा रक्तदान कार्यक्रम गरेको छ । हरेक वर्ष रेडियोले रक्तदान कार्यक्रम गर्दै आइरहेको छ । रक्तदान कार्यक्रम पनि जनतासँग जोडिएको विषय हो । हरेक दिन नागरिकलाई रगत अभाव भइरहेको हुन्छ । यसैले रेडियोले समाजसेवाको एउटा पवित्र कार्य रक्तदानलाई निरन्तरता दिइएको छ । शनिबार बारा, पर्सालगायतका जिल्लाबासी रेडियो परिसरमा दलबलसहित आएर रक्तदानमा सहभागी भए । उनीहरुले रक्तदानलाई सफल पारे । ती सबैलाई आभार दिइनु पर्छ कि रगत अभावमा कोही पनि नागरिक नमरुन्, समस्यामा नपरुन् ।

रगतबिना जीवन चल्दैन भनेजस्तै तपाईंको जीवनमा रेडियो हरपल साथी बनिरहन्छ । यसैले रगत र रेडियो तपाईंको मनमुटुबाट अलग हुन सक्दैन । यसका लागि रेडियोले जनमनको चाहनाका समाचार र कार्यक्रम दिनपर्छ । जुन रेडियो वीरगंज ९९ मेगाहर्जले दुई दशकदेखि एकछत्र आफ्नो ब्रान्ड कायम राखिरहेको छ । स्थापना दिवसका दिन स्थापनादेखि अहिलेसम्म जो जो जोडिनु भयो, सबै रेडियो वीरगंजको ब्रान्ड बनाउन लागिरहे, ती सबै रेडियो बचाउने रगतजस्तै महत्वपूर्ण हिस्सालाई सम्झन चाहन्छौँ । वार्षिकोत्सवपछि अरु परिस्कृत भएर जनतामा रगत झैँ एक महत्वपूर्ण हिस्सा रेडियो वीरगंज ९९ मेगाहर्ज भइरहन चाहन्छौँ ।

# धर्मको आडमा राजनीति



डा. रामसागर पण्डित

धर्म भनेको धारण गर्नु हो। धारण भनेको ईश्वर प्राप्तिका लागि अपनाउने बाटो बुझिन्छ। धर्मको सही अर्थ मानव कल्याणको बाटोमा लाग्नु हो। विश्वका सबै धर्मको मूल उद्देश्य मानव भलाइ नै रहेको छ। कतिपयले धर्मलाई मोक्षप्राप्तिको बाटोसँग लिएका छन्। यिनीहरूका अनुसार धर्म लौकिक संसारबाट मानव जीवनलाई मोक्ष प्राप्त गर्ने साधनको रूपमा देखाएको छ। सत्य, अहिंसा, दया र दान जस्ता धर्मका चार पाउ (खुट्टा) हुन्। यिनै धर्मका चार पाउलाई मानवले आफ्नो लौकिक जीवनमा धारण गरी विवेकपूर्वक यसैलाई जीवनको सारथी बनाएर भगवत् भक्ति र उपासनाको माध्यमबाट आध्यात्मिक जीवन सफल तुल्याउन सक्दछ भन्ने भागवतको निर्देश हो। यसैबाटोबाट मोक्ष समेत प्राप्त गर्न सक्दछ। यो ब्रह्माण्डको चराचर जगत सृष्टिकर्ताको नियममा अधीनस्त छन्। प्रकृति स्वभाविक र शाश्वत नियमद्वारा निर्दिष्ट भएर सञ्चालित छन्। यस नियमलाई कसैले उलंघन गर्न सक्दैन।

तर यसको विपरीत उग्रभौतिकवादीहरू आफ्नो ज्ञान र शक्तिलाई शरीर पूजाका लागि स्वार्थवश केवल भोक्ताको रूपमा मात्र आफ्नो विवेक, न्याय, ज्ञान र सिपलाई दुरुपयोग गरी रहेका छन्। जसबाट पूरै संसार आक्रान्त छ। उनी भोक्ताको रूपमा मात्र हेर्छन। सबै कालमा पृथ्वी संतुलन भै परिभ्रमण गरिरहेको छ। हामीलाई धर्मले हिंसा रोक्न सिकाउँछ। सत्यको पक्षमा बोल्न जहाँ पनि तयार रहनुपर्छ। अर्काको सम्पत्तिलाई बलजफ्ती लुट्नु हुँदैन। इमान्दारीका बाटो जहिले पनि छोड्नु हुँदैन। धर्मले नैतिकताको पाठ पठाउँछ। राजनीतिमा नैतिकता शब्दको महत्व निकै उच्च हुन्छ।

राजनीति शब्दको शाब्दिक अर्थ राज्यको नीतिसँग सम्बन्धित हुन्छ। राजनीति भनेको एउटा सरकार, संघ वा आन्दोलनसँग सम्बन्धित विधि र क्रियाकलाप हुन्। अर्को शब्दमा राजीतिक क्रियाकलाप सञ्चालन गर्ने पेशाको रूपमा लिने गरिन्छ। राजनीतिको विषयवस्तु धेरै फराकिलो छ। यसमा स्थानीय सरकारदेखि केन्द्रीय सरकारका सम्पूर्ण क्रियाकलाप समावेश हुन्छ।

धर्म र राजनीति बारे विभिन्न विद्वानहरूले आ–आफ्ना विचार प्रकट गरेका छन्। यसमा विद्वानहरूका बिचारमा मत भिन्नता देखिन्छ। कति विद्वानहरूका के भनाइ छ भने धर्म र राजनीतिलाई एक अर्काबाट अलग गर्न सकिँदैन तर यसैकुरामा कतिपय विद्वानहरू राजनीति र धर्म दुई विषय रहेकाले एउटै कुरामा मिलाउनु ठीक होइन। धर्मसँग राजनीतिलाई जोड्नु भनेको राजनीतिलाई साँगुरो घेराभित्र राख्नु हो। राजनीतिलाई दुषित पार्नु हो।

अहिले विश्वका कतिपय देशले राजनीतिलाई धर्मको आड लिएर अगाडि बढाएको पाइन्छ। नेपालमा पनि राणाकाल र पञ्चायतकालमा हिन्दू धर्मको आड लिएर देशको शासनसत्ता चलाएका थिए। बहुदलीय व्यवस्था आए पनि हिन्दू धर्मको आडमा राजालाई विष्णुको अवतारको रूपमा परमाधिपति मानेकै थिए। लोकतन्त्रात्मक गणतन्त्रको संविधान २०७२ आएपछि नेपाल पनि एउटा धर्म निरपेक्ष राज्य बनेको छ। सबै धर्मलाई कानुनी रूपले समान दर्जामा राखेको पाइन्छ। अहिले पनि राजतन्त्रका अवशेषहरूद्वारा राजतन्त्र माँग गरि राखेका छन्। तर जे जस्तो संविधानमा उल्लेख भए पनि धर्म र जातपातले राजनीतिलाई प्रभावित गर्न छोडेको छैन।

निर्वाचनका बेला जति सैद्धान्तिक मानिस भएपनि धर्म र जातपातको फर्मूलालाई अपनाएकै देखिन्छ। जुन धर्मका मान्छे बढी हुन्छन् उनलाई नै जिताउने गर्छन। जातपातले पनि उतिकै प्रभाव पारेको देखिन्छ। जुन क्षेत्रमा जो जातिको संख्या बढी छ त्यसैले बढी मत पाउँदो रहेछ। यसरी नेपालको लोकतान्त्रिक शासन व्यवस्थाले समेत धर्मलाई त्याग्न सकेको छैन।

यस्तै मुस्लिम देशहरूतिर जाँदा इस्लामिक शब्द नै राखेर शासनसत्ता चलाएको देखिन्छ। हाम्रो छिमेकी देशहरू पाकिस्तान र वंगलादेश इस्लामिक कानुन अनुसारनै देश चलाएका छन्। देशको नाम नै धर्मको नामले राखेको पाइन्छ। जहाँ पनि धार्मिक समूहलाई राजनीतिमा उतारेर एउटा धर्मले अर्को धर्मसँग झैझगडा गरेपछि देश बर्बादै भएको देखिन्छ। खासगरी मुस्लिम देशहरू आफ्ना धर्मकै आडमा राजनीति सुरू गरेका हुन्छन्। चाहे इरान होस् वा सउदीअरब यी सबै देशहरू धर्मकै नाममा राजनीति गरेका छन्। मुस्लिम देशहरूमा राजा–सम्राटको स्थान अहिले पनि सुरक्षित देखिन्छ। कतिपय देशमा राजालाई पद्च्यूत गरेपनि धर्मलाई यथावत स्थानमा राखेको पाइन्छ। भारतका वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदी हिन्दु बैकगराउण्डबाट आएर हिन्दुवादी नेताहरूलाई आफ्नो पार्टीमा समावेश गराइ एउटा सबल पार्टी निर्माण गरेका छन्। विगतमा यसै पार्टीबाट अटलविहारी बाजपेयी र लगातार दुई चुनावदेखि नरेन्द्रमोदी प्रधानमन्त्रीको पद सम्भालिराखेका छन्।

विश्वमा जहाँ जहाँ विवाद देखिन्छ त्यसको मूल कारण जाति–धर्म समूहहरूबीचकै झगडा रहेका छन्। अहिले इजराइली र फिलिस्तिनी बीचको युद्धमा पनि जातीय हात रहेका छन्। इजरायल यहुदीहरूका देश र फिलिस्तिन इस्लामहरूको देश हुन्। यी दुबैको बीचमा दशकौंदेखि युद्ध चलिरहेछ। वर्तमान समयमा फिलिस्नीका हमास समूहले इजरायलमाथि आक्रमण नगरेको भए युद्ध यति भयंकर हुने थिएन होला। यस्तै कतै शिया र सुन्नीका बीचमा विवादले कहिले काँही भयंकर रूप लिएर बाहिर आउँछन्। यी दुबै मुस्लिमै भए पनि एक अर्काको बीचमा निरन्तर युद्ध भइरहन्छ। इराक, इरान, कतार, कुबेत जस्ता मुस्लिम देशहरूमा यस्तै जातीय युद्ध चलेकै छन्। अफगानिस्तानमा पनि यस्तै विवादले गर्दा रसियाको हस्तक्षेप सहनु परेको थियो। भारतको प्राचीन र मध्यकालीन इतिहासतिर जाँदा मुस्लिम र क्रिश्चियनहरू पालैपालो गरी शासनसत्ता चलाएकै थिए। यिनीहरूका जातीय समर्थन बलियो थियो र हातहातियार समेत निर्माण गरिसकेका थिए। धेरै वर्षसम्म यी दुबै धार्मिक समूहहरूले हिन्दूमाथि शासन गरेका थिए। देशलाई तहस नहस बनाएर छाडेका थिए। जहाँ देशको स्तर अति उच्च छ त्यहाँ राजनीतिमा धर्मको आड लिएको देखिँदैन। वर्तमान समयमा ग्रेटब्रिटेनमा पनि भारतीय मूलका सूनक प्रधानमन्त्री छन्। उनीहरूमा त्यस्तो विभेद देखिँदैन। अहिले भारतीय संविधानमा जे जस्तो धर्मनिरपेक्षका कुरा लेखिएको भए तापनि धर्मको आडलाई छोड्न सकेको छैन। मुस्लिमहरू पनि वकायदा आफ्ना जातिको नाममा पार्टी खोलेर जनताको बीचमा भोट माग्न पुगी रहेका छन्। जातीय झगडाले गर्दा भारत स्वतन्त्र भएपछि हिन्दू मुस्लिमहरू आ–आफ्ना हिस्सा छुट्याएर बस्न थाले। एउटाको नाम हिन्दुस्तान र अर्को भागको नाम पाकिस्तान राखिए। यसरी देशको बँटवारामा पनि जातीय तत्वले मूल भूमिका खेलेका छन्।

अहिले पार्टीहरूले देशभित्र विभिन्न धर्म र जातिलाई विभिन्न टुकडामा बाँटेर शासनसतासम्म पुगेका छन्। संविधानमा सवर्ण र अवर्ण, उच्च जाति र निम्न जाति, छूत र अछूत, धनी र गरिबका बीचमा दूरी बढाइ, राजनीति गरिरहेका छन्। देशभित्र यस्ता अनेकौं समूह–उपसमूह कायम गरी राजनीतिमा धर्म–जातीय आड लिएको देखिन्छ। नेपालमा काँग्रेस, कम्युनिष्ट, समाजवादी पार्टीहरू समेत जातीय कुराबाट माथि उठ्न सकेका छैनन्। कुनैकुनै पार्टीले पहाडी मूलका मानिसहरूलाई मूल आधार बनाइ राजनीति गरेका छन् भने कुनै कुनै पार्टीहरू तराई मधेशलाई आधार बनाइ राजनीति गरिरहेका छन्। यस्तै कतिपय क्षेत्रीय पार्टीहरू क्षेत्रकै आड लिएर राजनीति गरिरहेका छन्। बामपन्थीहरू गरिब तथा श्रमिकहरूलाई गोलबन्द गरेर आफ्ना राजनीति गरेका छन्। यी पार्टीहरूमध्ये अधिकांश पार्टीहरू शासन सत्तासम्म पुगेका पनि छन्। सत्तामा पुगेपनि संविधानमा उल्लेख भएका धर्मनिरपेक्षतालाई खिल्ली उडाएका छन्। यिनीहरूले नारा एकातिर र काम अर्कोतिर गरेका छन्। यही कारणले गर्दा देशले सही शासन पाउन सकेको छैन। देशभित्र भ्रष्टाचार बढेको छ। शान्ति बिग्रेको छ। देशभित्र जातीय पार्टीहरू सल्बलाएका छन्। पुनः फालिएका राजालाई शासनसत्तामा स्थान दिन खोजेका छन्। यिनीहरू सरकारका कमिकमजोरीलाई जोडदार रूपले उजागर गरेका छन्। संविधानमा यस्ता कुराको स्थान नभएपनि भोलि उनीहरूका आन्दोलन बलियो भयो भने जस्तो सुकै संविधान फाल्न के बेर ?

जहाँ धर्मको कुरो छ नेपालका साम्यवादीहरू माथि माथि जे जस्तो धर्मको विरोध गरे पनि सरकारमा पुग्दा मन्दिरहरूमा चन्दन टिका लगाउन र प्रसादी खान लालायित रहन्छन्। नेपालको देवीदेवताका आशिर्वादले सन्तुष्टि नभएपछि भारतीय मंन्दिरहरूलाई चहार्न छोड्दैनन्। मन्दिरमा यी नेताहरूको दृश्य हेर्दा ‘को भन्दा को कम” को प्रतिस्पर्धामा हुन्छन्। यहाँका एउटा वामपार्टीका अध्यक्ष प्रधानमन्त्रीमा आसीन भएका बेला भारतमा रहेका अयोध्यालाई समेत उठाएर चितवनको ठोरीमा राख्न बेर लागेनन्। एकताका धर्मलाई अफीमसँग तुलना गर्ने यी नेताहरूको चालचलन हेर्दा इमान्दारिता र नैतिकताको खडेरी नै परेको देखिन्छ। चीन र रसिया जस्ता वामपन्थी देशहरूमा समेत धर्मलाई समूल नष्ट गर्न सकेको छैन। यसबाट के देखिन्छ भने माक्र्सवादी सिद्धान्तमा जे जस्तो लेखिएका भएपनि आफूलाई माक्र्सभन्दा ठूलो दार्शनिक बुझी माक्र्सवादलाई तोडमटोर गरी देशको शासन सत्ता हात पार्न पछि परेको देखिँदैन। उनीहरूको के सोच छ भने राजनीति त फोहरी खेल हो। यसमा जति पनि छलछुदरम गर्न पाइन्छ। राजनीतिमा त नैतिक–अनैतिकको स्थान उस्तै उस्तै हो। यस्ता राजनीतिकर्मीहरूबाट देश कसरी बन्न सक्छ त ! उनीहरूको बुझाइ उल्टो छ। नैतिकता र इमान्दारी जहाँ पनि चाहिन्छ। अहिले पनि देशका प्रधानमन्त्रीहरूमध्ये मनमोहन अधिकारी कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, सुशील कोइराला जस्ताका नाम किन उच्च सम्मानका साथ लिने गरिन्छ त !

निष्कर्षमा भन्दा धर्म र राजनीति दुई कुरा हुन्। जहाँ धर्मको आड लिएर राजनीति गर्छ भने त्यो भविष्यमा गलत परिणामतिर लगेको देखिन्छ। यस्ता राजनीतिले समाजलाई कहिले पनि अमनचैनभित्र रहन दिँदैन। निरन्तर रूपमा दंगा–फसाद भैरहन्छन्। तत्काल त केही संतुष्टि त पाउँला तर भविष्यमा धेरै असंतुष्टि लिएर आउने छन्। भारतमा यस्ता जातीय दंगाहरू प्रष्ट रूपमा हेर्न पाइन्छ। यी कुराहरू यस्तै धार्मिक पार्टीहरूको देन हो। राजनीतिलाई धर्मभन्दा माथि उठाएर हेर्नु पर्छ। राजनीतिकर्मीका लागि सबै जात–धर्म बराबर हुनुपर्छ। एउटालाई ‘काँखा अर्कोलाई पाखा’ लगाएर राजनीति टिकाउ हुन सक्दैन। राजनीति गर्नेले के सोच्नु पर्छ भने म देश बनाउनलाई राजनीति गरिरहे छु। देशभित्र रहेका अनेक जाति–धर्महरूका विकास नभै देशको विकासै हुन सक्दैन। एउटा राजनीतिकर्मीका लागि सबै जाति–धर्म समान छन्। सबै हाम्रो राष्ट्रका सन्तान हुन। एउटा सन्तानलाई हेरचाह गरेर देश बन्छ त ! कहिले पनि बन्दैन। त्यसैले धर्मको आडमा राजनीति गर्नु उचित देखिँदैन।

जस्तो सुकै बलियो र नयाँ गाडी भए पनि ड्राइभर यदि कमजोर छ भने गाडी राम्रोसँग चलाउन सक्दैन। कहीं कतै पनि दुर्घटना हुन सक्छ। हाम्रो देशको संविधान अति उत्तम संविधान भएपनि यसलाई चलाउने मानिस पनि उत्तम हुनुप¥यो। होइन भने जुनबेला पनि दुर्घटना हुन बेर लाग्दैन। अहिले पनि राजनीतिलाई ठीक टै«कमा ल्याएर हुबहु संविधानको पालनामा जोड दिएमा नेपालको भविष्य उज्जवल देखिन्छ, होइन भने प्रतिक्रियावादीहरू जुनबेला पनि धावा बोल्न सक्छन्।

~~~

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ -ह्वाट्स एप पनि_,

इमेलः madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

भंगाहा–जनकपुरधाम–जयनगर

| सिफ्ट | भंगाहाबाट खुल्ने समय | जनकपुरधामबाट खुल्ने समय | जयनगर पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०७:३० | ०८:३५ | १०:०० |
| दोस्रो | | ११:३० | १२:५५ |
| तेस्रो | | १६:३० | १७:५५ |

जयनगर–जनकपुरधाम–भंगाहा

| सिफ्ट | जयनगरबाट खुल्ने समय | जनकपुरधाम पुग्ने समय | भंगाहा पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०८:३० | ०९:५५ | |
| दोस्रो | १५:०० | १६:२५ | |
| तेस्रो | १८:०० | १९:१२ | २०:३० |

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभभ्का : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्क : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरूसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बढ्लान् ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ।कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

**मीन - PISCES** दि,दु,थ,भ्क,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।
~~~

# दलहरुबाटै सांसदलाई प्रशिक्षण आवश्यक देखियो

‘अधिकांश सांसदको दिमागमा संसद्मा आउनु भनेको मन्त्री बन्नु हो भन्ने परेको छ । मन्त्री हुन पाइएन भने सांसद भएको अर्थ नै भएन भन्ने बुझाइसमेत राख्ने गरेका छन् । मन्त्री बन्नका लागि हुने दौडधुप त्यस्तै मनोवृत्तिको परिणाम हो ।’



- सांसद सत्ताको राजनीतिमा लिप्त भए
- संसदीय अभ्यासमा सांसद अभ्यस्त भएनन्
- संसद् सरकार निर्माणका लागि मात्र होइन
- संसदमा सत्ता राजनीति हाबी भयो
- सरकारले काम नगर्दा व्यवस्थामाथि प्रश्न उठ्यो
- प्रदेशलाई अधिकार न दिई गाली मात्रै गरेर हुँदैन

राजेन्द्र प्रसाद पाण्डे
सांसद, धादिङ

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद राजेन्द्रप्रसाद पाण्डेले सबै राजनीतिक दलले आफ्ना सांसदलाई प्रशिक्षण दिएर संसद्मा पठाउनुपर्ने बताएका छन् । जिम्मेवारी र दायित्वका हिसाबले विधायिकी भूमिकामा बढी केन्द्रित हुनुपर्ने सांसद सत्ताको राजनीतिमा लिप्त हुँदा सदनको मुख्य काम नै ओझेलमा परेकाले प्रशिक्षण आवश्यक भएको उनको ठहर छ । विसं २०४८, २०५१, २०५६ मा प्रतिनिधिसभा सदस्य रहेका पाण्डे २०७० मा संविधानसभा सदस्य थिए । २०७४ मा प्रदेशसभा सदस्य रहेका उनी २०७९ को निर्वाचनमा धादिङ–१ बाट प्रतिनिधिसभा सदस्यमा चुनिए । २०४८ सालमा आफू पहिलोपटक संसद् छिर्दा संसदीय अभ्यास, अनुशासन, मर्यादा, भूमिका, जिम्मेवारीलगायत विषयमा पर्याप्त प्रशिक्षण हुने गरेको उनी स्मरण गर्छन् । ‘हामी संसद्मा आउने बित्तिकै सांसदलाई प्रशिक्षण दिइन्थ्यो र संसद्मा कसरी प्रस्तुत हुने तरिका सिकाइन्थ्यो । अर्थतन्त्रका विषयमा अर्थशास्त्रीसँग, ज्ञान–विज्ञानका क्षेत्रमा त्यस क्षेत्रका विज्ञ र जानकारसँग छलफल गथ्र्यौ । आजकाल त्यो भएको देखिँदैन । कुनै पनि दलले त्यसरी प्रशिक्षण दिएर आफ्ना सांसदलाई संसदीय अभ्यासमा अभ्यस्त बनाउन सकेका छैनन् । सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फका दलले आफ्ना सांसदलाई प्रशिक्षण दिएर संसद्मा उतार्नुपर्छ ।’ पछिल्लो समय संसद् प्रभावकारी हुन नसकेको भन्दै जनस्तरबाटै आलोचना भइरहेका बेला पाण्डे पनि संसद् र सांसदले आफ्नो विधायिकी भूमिका निर्वाह गर्न नसकेको स्वीकार गर्नुहुन्छ । ‘हामीले कानुन बनाउनका लागि जति धेरै समय दिनुपथ्र्यो, त्यो दिन सकेका छैनौँ । कहिले सुन प्रकरण, कहिले भुटानी शरणार्थी प्रकरणका नाममा पटक–पटक संसद् अवरोध भएका छन् । संसद्मा बढीभन्दा बढी अभ्यास गर्ने र जनजीविकाका कुरा राख्ने सवालमा हामी निकै कमजोर देखियौँ’ उनी भन्छन् । सबै राजनीतिक दलले जनजीविकासँग जोडिएका महत्वपूर्ण विषयलाई संसद्मा ल्याएर गहन छलफलमार्फत निकास दिनुपर्ने उनको बुझाई छ । त्यस्ता विषयमा सत्तापक्षका सांसदले सरकारबाट चाँडो निर्णय गराउने र प्रतिपक्षले संसद्बाट खबरदारी गर्नुपर्ने पाण्डे बताउँछन् । संसद् भनेको सरकार निर्माणका लागि मात्रै हो भन्ने बुझाई सांसदमै हावी हुँदै गएको उनको भनाइ छ । ‘अधिकांश सांसदको दिमागमा संसद्मा आउनु भनेको मन्त्री बन्नु हो भन्ने परेको छ । मन्त्री हुन पाइएन भने सांसद भएको अर्थ नै भएन भन्ने बुझाइसमेत राख्ने गरेका छन् । मन्त्री बन्नका लागि हुने दौडधुप त्यस्तै मनोवृत्तिको परिणाम हो ।’ संसदीय अभ्याससँग जोडिएका कतिपय शैली, प्रक्रिया आजकाल प्रयोगमा आउन नसकेको उनको बुझाई छ । ‘संसद्मा सबै सांसदले आफ्ना कुरा राख्नका लागि पर्याप्त समय नै हुँदैन । तर संसद्भित्र हामीले अभ्यास गर्नसक्ने र नगरेका धेरैवटा विषय छन्’ । उनी भन्छन्, ‘हामीले ध्यानाकर्षण प्रस्ताव, जरुरी सार्वजनिक महत्वको प्रस्ताव, सङ्कल्प प्रस्ताव राख्न पाउँछौँ । मन्त्रीहरुलाई प्रश्न गर्न पाउँछौँ । लिखित वा मौखिक प्रश्न पाउँछौँ । तर ती अभ्यासलाई हामीले धेरै महत्व दिइरहेका छैनौँ ।’ सत्तापक्षले आफ्नो दलको सरकारको विरोध गर्न नसक्ने र प्रतिपक्षले विरोधकै लागि विरोध गर्ने शैली मौलाउँदै गएकोप्रति पनि सांसद पाण्डे चिन्ता व्यक्त गर्छन् । सत्तापक्ष र प्रतिपक्ष दुवै तर्फका सांसदहरुले जनताको हितमा बोल्ने हो भन्ने बिर्सेर दलीय राजनीति तथा सत्ता खिचातानीको खेल संसद्मा खेल्ने गरेको उनको आरोप छ । ‘संसद्भित्र कानुन निर्माण गर्ने भन्दा पनि सत्ता राजनीति हाबी भयो । जहिले पनि विरोध गर्ने प्रवृत्तिको विकास भयो । सत्तापक्ष–प्रतिपक्ष जहाँ बसे पनि आखिर हामी जनताका प्रतिनिधि हौँ । जनताकै हितका लागि बोल्नुपर्छ । जनतासँग कबुल गरेर आएका कुरालाई पूरा गर्नेतर्फ सोच्नुपर्छ ।’ यस्तो प्रवृत्तिलाई सच्च्याएर नागरिकका आकांक्षा पूरा गर्नेतर्फ संसद् केन्द्रित हुनुपर्ने सुझाव पाण्डेको छ । समितिको सभापति बनाउन पनि छ महिना लगाउने, स–साना कुरामा पनि सहमति नजुट्ने, प्रतिपक्षले रचनात्मक दबाब दिनेभन्दा पनि अनावश्यक विरोध मात्रै गर्ने प्रवृत्ति मौलाएको उनको बुझाई छ । सदनलाई प्रभावकारी बनाउनु प्रतिपक्षसँगै सरकारको पनि जिम्मेवारी हो । सत्तापक्षले जति मात्रामा विधेयक संसद्लाई दिन सक्नुपथ्र्यो, त्यो हुन सकेको छैन । सङ्घीयतासँग जोडिएका करिब तीन दर्जन सङ्घीय कानुन बन्न बाँकी छन् । विधेयक सरकारले संसद्मा ल्याउन सकेको छैन र संसद् पनि प्रभावकारी हुनसकेको छैन । त्यसो हुनु सरकारको कमजोरी भएको उनको ठम्याई छ । ‘सरकारले कानुन मन्त्रालय र विषयगत मन्त्रालयलाई सक्रिय गराएर संसद्मा जति विधेयक दर्ता गर्नुपथ्र्यो त्यो हुन सकेन । अघिल्ला दुईवटा अधिवेशनबाट हामीले निकै कम विधेयक पास गरेका छौँ । यो सरकारको कार्य क्षमतासँग पनि जोडिएको विषय हो । त्यस्तै प्रत्येक मन्त्रीले आफ्नो मन्त्रालयअन्तर्गतका निकायबाट भए–गरेका कामबारे हरेक साता संसद्लाई जानकारी गराउनेमा त्यसो हुन सकेको छैन’ उनी भन्छन् । नागरिक र जनजीविकासँग जोडिएका विषय संसद्मा उठे पनि त्यसको कार्यान्वयन निकायले के काम गर्यो भन्ने जानकारी सरकारले गराउन नसकेको उनको बुझाई छ ।

जिम्मेवारी बहनमा मात्र नभई संसदीय मर्यादा, अनुशासन पालनामा पनि सांसद चुक्ने गरेका छन् । संसद्मा विवादास्पद अभिव्यक्ति दिने, एकअर्कालाई अनावश्यक आक्षेप र लाञ्छना लगाउने, तथ्यभन्दा बाहिर रहेर भ्रम सिर्जना गर्ने अभिव्यक्ति दिनेजस्ता काम सांसदबाटै हुने गरेका छन् । यसबारे पनि सांसद जिम्मेवार हुन नसकेको उनको भनाइ छ । ‘जतिसुकै चित्त नबुझे पनि संसदीय मर्यादाभन्दा बाहिर रहेर अभिव्यक्ति दिनुहुँदैन । पुराना मात्र नभई नयाँ दलका अभिव्यक्ति पनि संसदीय मर्यादाभन्दा बाहिर गएर आउने गरेका छन्’, उनी भन्छन्, ‘प्रतिपक्ष भएपछि विरोध मात्रै गर्नुपर्छ र विरोध गर्दा जनतामा आफ्नो भूमिका निर्वाह ग¥यो भन्ने छाप पर्छ भन्ने बुझाई प्रतिपक्षमा छ । अर्कोतर्फ सरकारले गरिरहेको कतिपय कुरा सत्तापक्षकै सांसदलाई पनि चित्त बुझिरहेको हुँदैन । तर सरकारको विरोधमा बोलिहाल्न गाह्रो हुन्छ । यस्ता कठिनाइ पनि छन् ।’ प्रतिपक्षले संसद्मा लैजाने विषय खोज्ने र ती विषयमा प्रतिप्रश्न गर्ने शैलीले काम गर्नेभन्दा विरोधका लागि मात्रै विरोध गरेको सांसद पाण्डेको बुझाई छ ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको एक वर्ष बितिसकेको छ । निर्वाचनताका जनतासँग गरेका प्रतिबद्धता र अहिलेसम्म हासिल भएका उपलब्धिबारे प्रश्न गर्दा सांसद पाण्डेले आफू सन्तुष्ट नरहेको जवाफ दिए । सांसदका रुपमा आफ्नो पछिल्लो कार्यकाललाई उनले सन्तोषजनक काम गर्न नसकेकै कारण व्यवस्थामाथि चुनौती देखिएको स्वीकार गरे । ‘निर्वाचन पछिको एक वर्ष त्यति राम्रो र सकारात्मक छ भन्नसक्ने अवस्था छैन । हाम्रो कार्यशैलीमा कमजोरी भएकै कारणले एकथरि मान्छेहरु अहिले व्यवस्था माथि नै प्रश्न गर्न थालेका छन्’ उनी भन्छन्, ‘राजनीतिक अभ्यास, संसदीय अभ्यास नबुझेका मानिसहरुले सडकमा बसेर हामी व्यवस्था बदल्छौँ भनिरहेका छन् । सरकार ढाल्छौँ, संविधान फेर्छौं, राजा ल्याउँछौँ भनिरहेका छन् । हुन त कसैले भनेकै भरमा सजिलै राजा ल्याउन सकिन्छ भन्ने मलाई लाग्दैन । तर यो सबै भइरहेको पनि हाम्रै कमजोरीका कारण भइरहेको हो भन्ने लाग्छ ।’ अब सच्चिएर र सच्च्याएर जानुको विकल्प नरहेको पनि उनले स्पष्ट पारे । सरकारले राम्रो काम गर्दा सत्तापक्ष–प्रतिपक्ष दुवैले त्यसलाई जनतासम्म पु¥याउनका लागि भूमिका निर्वाह गर्नुपर्ने र मुख्यगरी प्रतिपक्षले सरकारले गरेका कमिकमजोरीलाई जनतासम्म पु¥याउन रचनात्मक ढङ्गले अघि बढ्नुपर्ने उनको बुझाई छ । तर यी मामिलामा सत्तापक्ष र प्रतिपक्ष दुवै चुकेकाले अबको दिनमा सच्याएर जानुपर्ने पाण्डे बताउँछन् । त्यस्तै, पछिल्लो समय सङ्घीयताको प्रभावकारिता माथि पनि प्रश्न उठिरहेका छन् । योभन्दा अघिल्लो कार्यकाल प्रदेशसभामा रहेका पाण्डेले केन्द्र सरकारले सङ्घीय कानुन निर्माण नगरिदिएका कारण प्रदेश कमजोर भएको स्वीकार गरे । ‘प्रदेशलाई अधिकार नदिने तर काम गरेन भनेर गाली मात्रै गरेर हुँदैन । संविधानमा प्रदेश प्रहरी हुने भनेर व्यवस्था छ । तर प्रहरी समायोजन भएको छैन । सङ्घीय निजामती सेवा ऐन अझै बनिसकेको छैन । शिक्षा ऐनलगायत कानुन आउन सकेको छैनन्’, उनी भन्छन्, ‘सङ्घीयतालाई बल दिने खालका ३०÷३२ वटा कानुन अझै बन्न सकेका छैनन् । प्रदेशलाई अधिकारसम्पन्न बनाएर जानुपर्छ । हामीले चाहेको प्रतिस्पर्धात्मक सङ्घीयता होइन, सहकार्य र समन्वयात्मक भूमिकासहितको सङ्घीयता हो । सङ्घ, प्रदेश र स्थानीय सरकार मिलेरै चलाउने हो । केन्द्रले स्थानीय तहलाई, प्रदेशले पनि स्थानीय तहलाई पैसा मात्र दिएर भएन, अधिकार पनि दिनुपर्छ ।’

# ‘सुशासनका लागि भ्रष्टाचार नियन्त्रण अनिवार्य शर्त’

**रासस**
**काठमाडौँ ।**




प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले बहुआयामिकरूपमा रहेको भ्रष्टाचारलाई सरकारी, सार्वजनिक, निजी क्षेत्र र नागरिक समाजसँगको सहकार्य एवं सहयोगमा निवारण गर्न सरकार प्रयत्नशील रहेको बताएका छन् । भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस २०८० का सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शनिबार आयोजना गरेको कार्यक्रममा उनले भ्रष्टाचार हुनुका कारण पहिचान गरी निवारणका निम्ति सरकारले राज्यका सबै संयन्त्रलाई परिचालित गरेको बताए । आफ्नो नेतृत्वको सरकार सामाजिक न्याय, सुशासन र समृद्धिको लक्ष्यसहित अगाडि बढिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले त्यसको सकारात्मक परिणामस्वरुप आम नागरिकमा क्रमशः आशाको सञ्चार हुँदै गएको दाबी गरे । ‘अहिलेसम्म भएका प्रयत्न र परिणाम पूर्ण छैनन् । आगामी दिनमा भ्रष्टाचार नियन्त्रणका लागि थप प्रभावकारी कदम चाल्नुपर्ने जिम्मेवारी सरकारसामु छ’ उनले भने, ‘यसका निम्ति सरकार दृढतापूर्वक अगाडि बढिरहेको छ ।’ सुशासन कायम गरी सेवाग्राहीलाई सर्वसुलभ ढङ्गबाट सेवा प्रवाह गर्नु राज्यको प्रमुख दायित्व रहेको जनाउँदै प्रधानमन्त्री दाहालले सुशासनका लागि भ्रष्टाचार नियन्त्रण अनिवार्य शर्त भएको बताए । भ्रष्टाचारका प्रकृतिमा प्रविधिको विकाससँगै जटिलता उत्पन्न हुँदै गएकाले यसको नियन्त्रणमा पनि राज्य त्यत्तिकै चनाखो हुनुपर्नेमा उनले जोड दिए । ‘भ्रष्टाचार नियन्त्रण गरी सभ्य समाज निर्माण गर्न राज्यका सबै जिम्मेवार संयन्त्र, निकाय र पदाधिकारीले गम्भीरतापूर्वक आफ्ना कानुनी दायित्वलाई अझ बढी जिम्मेवारीका साथ निर्वाह गर्ने प्रतिबद्धता जनाउनुपर्छ’, प्रधानमन्त्री दाहालले भने । उनले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्पर्क निकायका रूपमा काम गरिरहेको उल्लेख गरे । भ्रष्टाचारका सबै स्वरूप र आयामलाई अपराधको रूपमा परिभाषित गरी दण्डनीय बनाउने, भ्रष्टाचारसम्बन्धी कसुरको सम्बन्धमा सुपुर्दगी, पारस्परिक कानुनी सहायता र भ्रष्टाचारजन्य कसुरबाट आर्जित सम्पत्ति फिर्ता गर्नेसम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था गरिएको प्रधानमन्त्रीले जानकारी दिए । ‘भ्रष्टाचारलगायत अन्य गैरकानुनी ढङ्गबाट आर्जित सम्पत्ति विदेशबाट पुनः प्राप्तिका लागि कानुनी र संरचनागत प्रबन्ध तयार गरी कार्यान्वयन गर्ने तयारी हुँदैछ । प्रधानमन्त्रीले दाहालले भने, ‘निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई कसुरको रूपमा परिभाषित गरी दण्डनीय बनाउन कानुनी व्यवस्था गरिँदैछ ।’ उनले भ्रष्टाचारलाई जरैदेखि निर्मूल गर्न सोच र दृष्टिकोणमा परिवर्तन गर्न आवश्यक रहेको उल्लेख गर्दै विद्यालय तहदेखि नै यसविरुद्ध सचेतना फैलाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा मुख्यसचिव डा. बैकुण्ठ अर्यालले भ्रष्टाचार बहुआयामिक विषय भएकाले यसको निवारण गर्न सरकार, निजी क्षेत्र एवं नागरिक समाजबीच सहयोग एवं सहकार्य आवश्यक रहेको बताए । भ्रष्टाचारलाई सुशासनले परास्त गर्दै यसको नकारात्मक असर न्यूनीकरण गर्न स्वच्छ, पारदर्शी एवं सुशासनयुक्त आचरण अवलम्बन गर्नुपर्नेमा उनले जोड दिए । आयोगका कार्यवाहक प्रमुख आयुक्त किशोरकुमार सिलवालले मुलुकको समग्र विकासमा भ्रष्टाचार बाधक बनेको उल्लेख गर्दै यसको निवारण गर्न सरकारी र गैरसरकारी निकायबीच सहकार्य र समन्वय आवश्यक रहेको बताए । भ्रष्टाचारका सम्बन्धमा जति चासो भए पनि नियन्त्रणमा प्रयास ज्यादै न्यून रहेको उनको भनाइ छ । उनले भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज स्थापना गर्न आयोग क्रियाशील रहेको बताए ।

संयुक्त राष्ट्रसङ्घ महासभाले ९ डिसेम्बरलाई भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने निर्णय गरेअनुसार नेपालले पनि हरेक वर्ष यस दिवस मनाउँदै आएको छ । ‘भ्रष्टाचारविरुद्ध विश्वव्यापी ऐक्यबद्धता’ भन्ने नाराका साथ यस वर्ष महासन्धिका पक्ष राष्ट्रले महासन्धिको २०औँ वर्ष पुगेको अवसरमा विशेषरूपले यो दिवस मनाइरहेका आयोगले जनाएको छ । नेपालले भ्रष्टाचारविरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा १० डिसेम्बर २००३ मा हस्ताक्षर र ३१ मार्च २०११ मा महासन्धिको अनुमोदन गरेदेखि नै विभिन्न रणनीति तथा कार्ययोजना बनाई महासन्धिको कार्यान्वयन गर्दै आइरहेको छ ।




# मौद्रिक नीति समीक्षाले अर्थतन्त्र सुधारमा सहयोग



**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाबाट नेपालको अर्थतन्त्रको वर्तमान अवस्थालाई लयमा ल्याउन केही हदसम्म सहयोग पुग्ने अपेक्षा गरिएको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल बताएका छन् ।

उनले समीक्षाले देशमा हाल देखिएको आर्थिक सङ्कटको अवस्थामा सुधार गरी लगानीकर्ताको मनोबल बढाउन पनि सहयोग पुग्ने र यसबाट अर्थतन्त्र लयमा ल्याउन थोरै भए पनि सहयोग पुग्ने बताए । धनगढीमा आयोजित सुदूरपश्चिम महोत्सवमा महासङ्घका अध्यक्ष ढकालले निजी क्षेत्रले लामो समयदेखि उठाउँदै आएका कतिपय विषय पनि शुक्रबारको मौद्रिक नीतिको समीक्षामा समेटिएको र यसले मुलुकको निजी क्षेत्रका लागि सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको बताउनुभएको महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

'नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामा बैंक दर, नीतिगत दर, कर्जाको पुनःसंरचना र घर तथा सेयर कर्जामा लचकता अपनाएको देखिन्छ । यी विषयहरू हामीले विगत लामो समयदेखि निरन्तर उठाउँदै आएका थियौँ । राष्ट्र बैंकले अहिले आएर यसको सुनुवाइ गरेको देखिन्छ । यसले लगानीकर्ताको मनोबल बढाउन, लगानी प्रवर्द्धन गर्न सहयोग गर्नसक्छ', उनले भने । अध्यक्ष ढकालले तर पनि यो उदार मौद्रिक नीति समयमै आउन सकेको भए हजारौँ साना तथा मझौला व्यवसाय र व्यवसायी विस्थापित हुन पर्दैनथ्यो भने ।

'निजी क्षेत्रको तर्फबाट नेपाल उद्योग वाणिज्य महासङ्घले विगत लामो समयदेखि पटक–पटक नेपाल राष्ट्र बैंकलाई अर्थतन्त्रलाई लयमा ल्याउन मौद्रिक नीतिमा विशेष व्यवस्था गर्न आग्रह गरेका थियौँ । अहिले आएर केही हदसम्म भए पनि हाम्रा मागको सम्बोधन भएको छ । ढिलो गरी आएको सम्बोधनले अर्थतन्त्रलाई लयमा ल्याउन के–कति सहयोग गर्छ । त्यो हेर्न बाँकी नै छ', उनले भने । राज्यका निकायबीच समन्वयको अभावमा लगानीको वातावरण बन्न सकेन, अर्थतन्त्र लयमा ल्याउन सकिएन भनेर निजी क्षेत्रले आवाज उठाएको र त्यसलाई प्रधानमन्त्री आफैँले सकारात्मकरूपमा लिई समन्वयकारी भूमिका निर्वाह गरेको उनको भनाइ थियो ।

उनले निजी क्षेत्र मुलुकभित्र लगानीको वातावरण बनाउन र लगानी प्रवद्र्धन गर्न प्रतिबद्ध रहेको पनि स्पष्ट गरे । नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्रियाउन प्रधानमन्त्रीको भारत, चीन तथा युएई भ्रमणका अवसरमा निजी क्षेत्रले लगानी सम्मेलनको आयोजना गरेको जानकारी दिँदै यसबाट नेपालमा लगानीका सम्भावनाहरूका बारेमा विदेशी लगानीकर्तालाई थाहा दिने काम भएको पनि बताए ।

मुलुकको अर्थतन्त्र सुधारका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देखाएको चासो र लिएको अग्रसरताको प्रशंसा गरे । उनले सरकारी प्रक्रियाका कारण धेरै आयोजना रोकिने गरेका उदाहरण पेस गर्दै त्यसलाई छिटोछरितो गराउने व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष आग्रह गरे ।

# पर्यटन प्रवद्र्धन गर्दै श्रम संस्कृति उद्यान

**रासस**
**धरान ।**
सुनसरीको धरान उपमहानगरपालिका–१३ मा निर्माण भएको श्रम संस्कृति उद्यान पर्यटकका लागि आकर्षक गन्तव्य बनेको छ । धरान घुम्न आउने जो कोही पनि उद्यानमा पुग्ने गरेका छन् । उद्यान वरपर गरिएको वृक्षरोपणले सबैको मन आनन्दित हुन्छ । पहिला बगर र झाडी भएको ठाउँमा अहिले फूल र बोटबिरुवा हुर्केका छन् । काठमाडौँबाट साथी धनरत्न महर्जनका साथमा उद्यान घुम्न पुगेका राजेन्द्र राई खेर गएको ठाउँको सदुपयोग गरेर आकर्षक उद्यान निर्माण गरेको थाहा पाएपछि औधी खुसी भए । धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई (हर्क साम्पाङ) र उनका सहयोगीले निर्माण गरेको उद्यान पछिल्लो समय धरानको नयाँ पर्यटकीय गन्तव्यका रुपमा विकसित हुँदै गएको छ । सर्दु खोलाको उजाड बगरमा फलफूलका बिरुवा रोपेर आकर्षक बगैँचा बनाइएको छ । बगैँचाको एक छेउमा धरानको पहिचान झल्किने गरी काठ काट्ने आरा धरानको नमूना निर्माण गरिएको छ । त्यसको छेउमा किरात संस्कृतिमा महत्वपूर्ण मानिने चिन्डोको आकृति झल्किने धारा बनाइएको छ । उद्यानको वरिपरि विभिन्न मनकारीले आफन्तका नाममा पर्यटकलाई बस्न मिल्ने गरी फाइबरका फलैँचा र कुर्सी निर्माण गरिदिएका छन् । उद्यानका ठाउँठाउँमा 'साउन्ड बक्स' राखिएका छन् । त्यसबाट सङ्गीतको धुन गुञ्जिरहेको हुन्छ । शान्त र सुन्दर वातावरणमा सुमधुर सङ्गीतको धुनले त्यहाँ पुग्ने पर्यटकको मनै आनन्दित हुन्छ । उद्यानमा बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म घुम्नका लागि पुग्ने गरेका छन् । उद्यान युवापुस्ताका लागि साथीहरुसँग घुम्ने आकर्षक गन्तव्य बनेको छ । इटहरीकी रमा लिम्बु साथीहरुको समूहमा उद्यान घुम्न पुगे । 'यहाँ फूल संरक्षण गरिएको साह्रै मनपर्छ', उनले भने, 'खानेपानी, शौचालयलगायत सुविधा छ, यहाँ बारम्बार आउन मन लाग्छ ।' उद्यान निर्माण हुनभन्दा पहिला सर्दु खोला पुल छेउमै बिपी उद्यान र ओशो उद्यान निर्माण गरिएका थिए । धरानमा पुराना रङ्गकर्मी तथा निर्देशक खगेन्द्र पन्धाक र गायक कञ्चन थलङ यो क्षेत्र पदयात्राका लागि पनि उपयुक्त भएको बताउँछन् । 'यहाँबाट भेडेटारसम्मको पदमार्ग निर्माण गरेर यो उद्यानलाई प्रस्थान विन्दु बनाए पर्यटनको विकासमा मद्दत पुग्छ', गायक थलङले भने । उद्यानमा नियमित पुगिरहने रङ्गकर्मी तथा निर्देशक पन्धाक धरानमा नयाँ पर्यटकीयस्थल थपिएकामा खुशी छन् । 'यो ठाउँमा उद्यान निर्माण भएपछि धरानको पानीको स्रोत पनि संरक्षण भएको छ', उनी भन्छन् । धरान उपमहानगरपालिकाले उद्यान, यस क्षेत्रमा भएको वृक्षरोपण र खानेपानीको मुहान संरक्षण गर्न दैनिक छ देखि सात जना नगर प्रहरी परिचालन गर्ने गरेको छ । उद्यान क्षेत्रमा खटिएकी नगर प्रहरी कविता कार्कीका अनुसार यो क्षेत्र घुम्न दैनिक दुई सयदेखि तीन सय आन्तरिक पर्यटक आउने गरेका छन् । उद्यान घुम्न नेपालका विभिन्न जिल्लाबाट मात्र नभई भारतका सिक्किम, दार्जिलिङदेखि पनि पर्यटक आउने गरेका छन् । स्वतन्त्र नागरिक समाजको अगुवाइमा चौतारा निर्माण गरिएको छ । दाताको ११ लाख रुपैयाँ सहयोग जुटाएर चौतारा निर्माण गरिएको हो । चौतारामा सुस्ताउँदै गरेकी भेटेकी बेलायतबाट आएकी देविका राई (लिम्बू) आफूले सानो छँदा देखेको खोलाको बगर र झाडीमा अहिले ढकमक्क फूल फूलेको र उद्यान बनेको देखेर हर्षित छिन् । बेलायतबाट आएका धरान समाज युकेका सल्लाहकार किरणकुमार सुब्बा उद्यान धरानको पर्यटन विकासका लागि महत्वपूर्ण माध्यम बनेको बताउँछन् । उद्यान निर्माणका लागि उनले तीन लाख रुपैयाँ सहयोग जुटाएका थिए । उद्यानमा न्यूनतम प्रवेश शुल्क राखेर त्यसबाट उठ्ने रकमले यसको व्यवस्थापन गर्नुपर्ने सुब्बाको सुझाव छ ।

# किसानले पाएनन् दूधको २२ करोड

**रासस**
**चितवन ।**
जिल्लाका दुग्ध उत्पादक किसानले दूध बिक्रीबापतको २२ करोड रकम पाउन सकेका छैनन् । यहाँ रहेका एक सय १५ दुग्ध उत्पादक सहकारीले रकम भुक्तानी पाउन नसक्दा किसानले समेत दूधको मूल्य पाउन नसकेका हुन् । असोजदेखिको भुक्तानी रकम नपाउँदा किसान चिन्तित बनेको जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले बताए । उनले भने, 'दुग्ध विकास संस्था र निजी दुग्ध उत्पादक कम्पनीले दूध लगेबापतका रकम अहिलेसम्म नदिँदा किसानलाई समस्या भएको छ ।' हरेक १५–१५ दिनमा दूधको भुक्तानी पाउनुपर्ने भए पनि लामो समयसम्म दूधको भुक्तानी नपाउँदा दुग्ध उत्पादक किसानले पशुलाई आहार खुवाउनसमेत कठिन बन्दै गएको उनको भनाइ छ । दुग्ध विकास बोर्डबाट यहाँका किसानले ११ करोड रुपैयाँ, पोखरामा रहेको सुजल डेरी उद्योगले दुई करोड रुपैयाँ र अन्य निजी डेरी कम्पनीको गरेर २२ करोड रकम बाँकी रहेको छ । यहाँ दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको बगालेले बताए । उने भने, 'अहिले दूध खपत हुन कठिन भएको छ, तर जेनतेन गइरहेको छ ।' यहाँ उत्पादित दूधमध्ये एक लाख ५० हजार लिटर जिल्ला बाहिर जाने गरेको छ । अन्य दूध जिल्लामै खपत हुने गरेको उनले जानकारी दिए । उनले भने, 'किसानले भुक्तानी नपाउँदा समस्या भएको छ, अन्य जिल्लामा 'मिल्क होडिडे' मनाउन थाले, यहाँ अहिले नै त्यस्तो नहोला भन्नेमा छौँ ।' उत्पादित दूध बिक्री गर्न कठिन हुने गरेको उनले बताए । अघिल्ला वर्षको तुलनामा यस वर्ष यो समयमा कम दूध बिक्री भएको उनले जानकारी दिए ।

# इरानद्वारा 'विस्फोट' को चेतावनी



**एएफपी**
**तेहरान ।**
अमेरिकाले गाजा युद्धमा युद्धविरामका लागि संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावमाथि भिटो (विशेषाधिकार) लगाएपछि इरानले शनिबार मध्यपूर्वमा अवस्थाको 'नियन्त्रण गर्न नसकिने विस्फोट' हुने खतराको चेतावनी दिएको छ । इस्लामिक गणतन्त्र इरानका शीर्ष कूटनीतिज्ञ (विदेशमन्त्री) होसेन अमिर–अब्दुल्लाहियानले गाजापट्टीमा मानवीय सहायता पठाउन सक्षम बनाउन इजिप्टसँगको राफा सीमालाई तत्काल खोल्न अपिल गरे ।

इजराइली अधिकारीहरूका अनुसार इरान समर्थित इस्लामिक लडाकू समूह हमासले अक्टोबर ७मा दक्षिणी इजराइलमा गरेको आश्चर्यजनक हमलामा अधिकांश सर्वसाधारणसहित करिब एक हजार दुई सय मानिसको मृत्यु भएको छ भने हमासले करिब दुई सय ४० जनालाई बन्धक बनाएको छ । इजराइलले जवाफमा हमासलाई नष्ट गर्ने वाचा गर्दै गाजामा आक्रामक हमला सुरु गरेको छ । हमलामा प्यालेस्टिनी क्षेत्रमा अधिकांश सर्वसाधारणसहित १७ हजार चार सयभन्दा बढी मानिसको मृत्यु भएको गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले बताएको छ । इजराइल अमेरिकाको मुख्य सहयोगी मुलुक हो ।

गाजामा तत्काल युद्धविरामको आह्वान गरिएको सुरक्षा परिषद्को प्रस्तालाई अमेरिकाले शुक्रबार भिटो लगाएको थियो । प्रस्तावले हमासलाई अक्टोबर ७ मा गरेको हमलालाई दोहोर्याउन सक्षम बनाउने भन्दै भिटो लगाउनुपरेको अमेरिकाले बताएको छ । इरानको विदेश मन्त्रालयका अनुसार टेलिफोन संवादमा अमिर–अब्दुल्लाहियानले राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग भने, 'जबसम्म अमेरिका यहुदीवादी शासन (इजराइल) को अपराधहरू र युद्धको निरन्तरतालाई समर्थन गर्छ तबसम्म यस क्षेत्रको स्थितिमा अनियन्त्रित विस्फोटको सम्भावना छ ।' इरानी विदेशमन्त्रीले संयुक्त राष्ट्रसङ्घ बडापत्रको धारा ९९ लाई 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न साहसी कदम' का रूपमा प्रयोग गर्ने राष्ट्रसङ्घीय महासचिवको प्रशंसा गरे । एक साताको युद्धविरामपछि डिसेम्बर १ देखि इजराइल र हमासबीच पुनः युद्ध सुरु भएको छ । इजराइलका अनुसार हमासले युद्धविरामको उल्लङ्घन गरेको छ । विदेशमन्त्री अमिर–अब्दुल्लाहियानले महासचिव गुटेरेससँग भने, 'हमासले युद्धविरामको उल्लङ्घन गरेको इजराइलको दाबी सम्पूर्णरूपमा गलत हो ।'

उनले इजराइलका लागि अमेरिकी समर्थनले स्थायी युद्धविराम हासिल गर्न कठिन बनाएको बताए ।

**लेबनान–इजरायल सीमामा भिडन्त**

लेबनान–इजराइल सीमामा शुक्रबार भएको भिडन्तमा चार हिजबुल्लाह लडाकू र प्यालेस्टिनी इस्लामिक जिहाद (पिआइजे) अभियानका दुई सदस्य मारिएको लेबनानी सैन्य सूत्रले बताएको छ । दक्षिणी लेबनानमा सीमावर्ती इलाकालाई निशाना बनाएर गरिएको इजराइली बमबारीमा चार लेबनानी नागरिक र दुई लेबनानी सैनिक घाइते भएको नाम उल्लेख नगर्ने सर्तमा सूत्रले बतायो । दुई अलगअलग इजराइली आक्रमणमा चार हिजबुल्लाह लडाकू मारिएको सूत्रले उल्लेख गरेको छ । दक्षिण पश्चिम लेबनानको जङ्गली क्षेत्रलाई निशाना बनाएर गरिएको इजराइली आक्रमणमा पिआइजेका दुई सदस्यको मृत्यु भएको थियो । सैन्य सूत्रका अनुसार लेबनानको दक्षिणपश्चिममा २६ र दक्षिणपूर्वका १५ सहर र गाउँमा इजराइलले बमबारी गरेको छ । यसैबीच आफ्ना लडाकूले इजराइलका सात स्थानमा आक्रमण गर्दा एक जनाको मृत्यु भएको र अन्य एक घाइते भएको हिजबुल्लाहले बताएको छ ।

# सुन्तला उत्पादनमा कमी



**रासस**
**गलकोट ।**
बागलुङको सुन्तला पकेट क्षेत्रमा यस वर्ष उत्पादनमा कमी आएको छ । सुन्तला गाउँका रूपमा चिनिएको जिल्लाको सिगाना गाउँमा बर्सेनि औँशा कीराको सङ्क्रमण बढ्दै गएकाले उत्पादनमा कमी आएपछि किसान चिन्तित बनेका छन् । सिगानाका अगुवा सुन्तला किसान रामबहादुर खड्काको बगानमा यसपटक मात्रै नौ प्लाष्टिकका बोरामा झरेका सुन्तला सङ्कलन गरिएको छ । सुन्तला बढी उत्पादन हुने सिगाना, बिहुँ र सर्कुवालगायत क्षेत्रमा औँशा कीराको सङ्क्रमणले सुन्तला झर्न थालेपछि उत्पादनमा गिरावट आएको हो । बजेट अभावमा औँशा कीराको सङ्क्रमणलाई न्यूनीकरण गर्न नसक्दा पछिल्लो समय बागलुङमा सुन्तला उत्पादनमा कमी आएको खड्काले बताए । बोटमा नै कीरा लागेर भुइँमा सुन्तला झर्न थालेको उनको भनाइ थियो । 'वार्षिक दुई लाखदेखि तीन लाखसम्मको आम्दानी सुन्तलाबाटै गर्दै आएको छु । बर्सेनि सुन्तलामा औँशाको सङ्क्रमण बढ्दै गइरहेको छ', खड्काले भने, 'बगानमा झरेकै सुन्तला नौ प्लाष्टिकका बोरा भइसके । रोग दिनप्रतिदिन बढ्दै गएको छ । स्थानीय सरकारले कुनै चासो दिएको छैन । बागलुङ नगरपालिकाले सुन्तला किसानलाई प्रदान गर्दै आएको अनुदानसमेत काट्यो ।' पाक्ने बेलाका सुन्तलामा औँशा कीरा देखिएपछि बिक्री गर्ने तयारीमा जुटेका किसानलाई निराश बनाइदिएको छ । अहिले एउटा बोटबाट १० देखि २० प्रतिशतसम्म सुन्तला झरेको बताउँदै यो क्रम बर्सेनि बढ्दै आएको किसानको भनाइ छ । अहिले बोटबाट सुन्तला कुहिएर झर्न थालेपछि जिल्लाका कृषक समस्यामा परेका छन् । जिल्लाको धेरै सुन्तला उत्पादन हुने क्षेत्रमामा औँशा कीरा समस्या दिनथालेको कृषि ज्ञान केन्द्रका बागबानी विकास अधिकृत कुमार पुनले बताए । उनका अनुसार सिगाना, बिहुँ र सकुर्वालगायत स्थानमा सुन्तला खेतीमा औँशाका सङ्क्रमण देखिएको छ ।

झरेका फल व्यवस्थापन गर्नका लागि प्लाष्टिकका बोरा प्रदान गरे पनि गत वर्ष बजेट अभावमा उपचार गर्न सम्भव नभएको बताउँदै पुनले यस वर्ष औँशा नियन्त्रणका लागि छ लाख रुपैयाँ बजेट विनियोजन भएको जानकारी दिए । अन्नबाली छाडेर व्यावसायिक सुन्तला उत्पादनमा लागेका किसान फल झरेपछि मर्कामा परेका छन् । 'बर्सेनि औँशाको समस्या बढ्दै आएको छ । कीराका कारण सुन्तला उत्पादनमा कमी आउने देखिएको छ', पुनले भने, 'झरेका सुन्तलाको सही व्यवस्थापन गर्न आवश्यक छ भने यसपटक सिगाना र बिहुँमा औँशाको उपचार गर्ने योजनामा छौँ । यसका लागि बजेटको समेत व्यवस्थापन भइसकेको छ ।' सुन्तलालगायत अमिलो प्रजातिका फलफूलमा औँशा कीराको सङ्क्रमण देखिएपछि केन्द्रले किसानको बगैँचामा पुगेर त्यसको अध्ययनका साथै रोकथाम र व्यवस्थापनबारे सचेत गराउँदै आएको छ । यस वर्ष भने केही स्थानमा उपचार पनि गरिने पुनले बताए । उनका अनुसार सुन्तला, जुनार, मौसम, भोगटे, निबुवा, विमिरो, कागती, ज्यामिरलगायत फलफूलमा यो रोगको सङ्क्रमण फैलिरहेको छ ।

# बराबरीमा खेल्दै धनगढी शीर्ष स्थानमा




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सुपर लिग (एनएसएल)मा शनिबार धनगढी एफसीले स्पोर्टिङ इलामसँग बराबरी खेलेको छ । पहिलो हाफमा २–० ले पछि परेको स्थितीलाई उल्ट्याउँदै धनगढीले इलामसँग २–२ गोलको बराबरी खेल्दै अंक बाँडेको हो । दोस्रो हाफमा उत्कृष्ट पुनरागमन गरेको धनगढी शीर्ष स्थानमा फर्किएको छ । पोखरा थन्डर्ससँग अंक बराबरी गरेको धनगढी बढी गोल गरेको आधारमा शीर्ष स्थानमा उक्लिएको हो । खेलको ४४ औं मिनेटमा फोडे कामाराले गोल गर्दै इलामलाई सुरुवाती अग्रता दिलाए । पहिलो हाफको इन्जुरी समयमा उमर थियोमले गोल गर्दै इलामको अग्रतालाई दोब्बर बनाएका थिए । धनगढीले दोस्रो हाफमा सुधारिएको प्रर्दशन गर्यो । खेलको ६८ औं मिनेटमा अग्यमङले पेनाल्टीमा गोल गर्दै धनगढीलाई खेलमा फर्काउने संकेत गरेका थिए । बेन्चबाट मैदान छिरेका ओलावाले अफिजले हेडमार्फत धनगढीलाई बराबरीमा ल्याएका थिए । ८३ औं मिनेटमा फोफोनाको क्रसममा अफिजले हेडमार्फत सुन्दर गोल गरेका थिए । इलामसँग अंक लिदै धनगढीले ८ अंक जोड्यो । समान अंक भएको पोखरा दोस्रो स्थानमा छ । इलामले तालिकामा ५ अंक जोडेको छ ।

# रेडियो वीरगंजद्वारा रक्तदान, बारा–पर्साका......................

रौनियार, अशोक मण्डल, रन्जित कुमार सहनी, ज्ञानेश्वर मण्डल, रुपनारायण सिंह, रेखा तिवारी, दीपेन्द्र साह, राजवती पासवान, कुसुम कुमारी, जितेन्द्र हजारा, दीपेन्द्र ओझैया, सिकेन्द्र प्रसाद यादव, सन्नी आजाद, विन्दा कुमार कुशवाहा, गणेश पटेल, नवलकिशोर साह, आकाश कुमार साह, दिपेश कुमार यादव, विवेक प्रसाद साह, विक्की शरफी, हृदेश साह, शैलेन्द्र चौधरी, राजकुमार थारु, प्रितम्बर चौधरी, जोगीन्द्र थारु, भरत कुमार दास, छनु थारु, बलराम प्रसाद दास, अस्मिता चौधरी, विनोद पंजियार, राजेन्द्र सोनी, सलिम देवान, अनिल श्रेष्ठ, दीपक कुमार चौधरी, शिवलाल धामी थारु, अनिश अन्सारी लगायत ।





# रेडियो वीरगंजद्वारा रक्तदान, बारा–पर्साका नागरिकको योगदान










**मधेशदृष्टि**
**वीरगंज ।**
मध्यतराईकै पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले प्रसारणको २१ वर्ष पूरा गरी गौरवमय रुपमा २२ औँ वर्ष प्रवेश अवसरमा शनिबार वृहत रक्तदान कार्यक्रम गरेको छ । शनिबार बिहान ८ बजेदेखि आयोजना भएको रक्तदान कार्यक्रममा २४ महिला, २ सय २१ पुरुषसहित २ सय ४५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेले
बताए ।
नेपाल पत्रकार महासंघ मधेश प्रदेशका महासचिव श्याम बन्जाराले रक्तदान गरी शुभारम्भ भएको कार्यक्रममा नारायणी अस्पतालका चिकित्सक डा. उदयनारायण सिंह, पूर्वमन्त्री कलावती पासवान, वीरगंज उद्योग वाणिज्य संघ उपाध्यक्ष मनोज दास, सखुवाप्रसौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीप जयसवाल, नेपाल शिक्षक संघ बाराकी उपाध्यक्ष अनिला चौधरी, सुजाता उप्रेती, नेपाल प्रेस युनियनका उपाध्यक्ष अनिल कुमार झा, तरुण दलका केन्द्रीय सदस्य राजकिशोर गुप्ता, तरुण दल बाराका अध्यक्ष सुनिल पटेल, हरेन्द्र यादवलगायतले रक्तदान गरेका थिए ।
यस्तै रेडियो वीरगंजका सहकर्मीहरु रामप्रवेश चौधरी, अफरोज अर्पण, महेश कठायत, ओम मिश्र, निशान्त चौधरी, अखिल पटेल, प्रेम पटेल, ओमप्रकाश पाण्डेले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रम शुभारम्भ गर्दै वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले जनतालाई सूचना, मनोरञ्जनसँगै सामाजिक उत्तरदायित्वको क्षेत्रमा समेत रेडियो वीरगंजको महत्वपूर्ण योगदान रहेको बताए । उनले समाज परिवर्तनको दिशामा रेडियोको भूमिका अझ महत्वपूर्ण बन्ने अपेक्षा गरेको बताए ।
रक्तदानमा नेपाली कांग्रेस क्षेत्र नम्बर ४ का क्षेत्रीय सभापति एवम् युवा नेता लोकेश सिंह, जसपाका युवा नेता ईश्वर यादव, पन्नालाल लगायतको विशेष भूमिका थियो । बारा कांग्रेसका क्षेत्रीय सभापति लोकेश सिंहले एकसय भन्दा बढी मोटरसाइकलमा बाराका विभिन्न ग्रामीण क्षेत्रबाट युवाशक्तिलाई रक्तदान गर्न ¥यालीसहित रेडियो परिसरमा आएका थिए ।
कार्यक्रममा भारतीय महावाणिज्य दुतावासका वाणिज्यदूत देवी सहाय मिना, तरुण कुमार, नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वमन्त्री अजय चौरसिया, प्रदेश सभा सदस्य श्याम पटेल, प्रदेश सभाका पूर्वसदस्य राजेश्वर साह तेली, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्साल, बाराका प्रहरी उपरीक्षक सरेश काफ्ले, पर्साका सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्य, सशस्त्र प्रहरी नायब उपरीक्षक संगम श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटी, रक्तसञ्चार केन्द्रकी सयोजक मधु राणा, समाजसेवी पशुपति विक्रम शाह, उषा शाहलगायतको उपस्थिति िथियो ।
यस्तै, तेली कल्याण समाजका केन्द्रीय अध्यक्ष विश्वनाथ साह, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दीपेन्द्र चौहान, जिल्ला अध्यक्ष अनुप तिवारी, समाजवादी प्रेस संगठनका केन्द्रीय महासचिव रामकुमार एलन, मानव सेवा आश्रमका प्रदेश संयोजक देवेश गुप्ता, सामाजिक अभियन्ता प्रकाश थारु, जनमत पार्टी पर्साका ओमप्रकाश सर्राफ, मुकेश द्विवेदी, लोसपाका केन्द्रीय सदस्य निजामोद्दिन समानी, नेकपा एकीकृत समाजवादीका महानगर अध्यक्ष मनोज चौधरीको पनि कार्यक्रममा सहभागिता थियो । कार्यक्रममा राजन श्रीवास्तव, वीरगंज युवा समाजका संस्थापक अध्यक्ष कमल चौगाई, ग्रिनसिटी सामुदायिक केन्द्रका जयप्रकाश खेतानलगायतको उपस्थिति थियो । कार्यक्रम समापन गर्दै रेडियो वीरगंजका अध्यक्ष ध्रुव साहले रक्तदान कार्यक्रममा सहभागी सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गरे । उनले छोटो समयमा गरिएको तयारीमा रक्तदाताको उल्लेख्य उपस्थितिले थप ऊर्जा मिलेको बताए । नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्रका इन्चार्ज सौरभराज पाण्डेले अध्यक्ष साहलाई प्रमाण पत्र प्रदान गरे । साहले इन्चार्ज पाण्डेसहित रक्तदान कार्यक्रमका लागि प्राविधिक सहयोग पुर्याउने केन्द्रका १३ जना कर्मचारीलाई मायाको चिनो प्रदान गरेका थिए ।

**रक्तदाताहरुः**
मनमोहन पटेल, दीपेन्द्र प्रजापति, चर्मेन्द्र प्रसाद साह, मुस्तुजा आलम, अमरलाल साह, दीपक साह कानु, अनिल प्रसाद कुर्मी, वीरेन्द्र कुशवाहा, विजय यादव, हरिबहादुर थापा, विजयकुमार मण्डल, धरेन्द्र साह तेली, रामेश्वर यादव, अक्षय कुमार यादव, सलोनी पटेल, अर्जुन मल्लिक, राजेश कुशवाहा, सुजित कुमार, उमेश चौधरी, विजय मोहन प्रसाद साह, सुरेन्द्र प्रसाद भैया, उमा क्षेत्री, किरणबहादुर क्षेत्री, रामु चौधरी, संजय कुमार, डा.शृति लखतिया, निरज कुमार यादव, अलिमहम्मद मियाँ, शकुन्तला कुमारी दास, धनराज चौधरी, हरिशंकर कुमार साह, छोटेलाल साह, रिलेश कुमार चौरसिया, विशाल साह, नवलकिशोर पटेल, संजीव मानन्धर, बालकृष्ण श्रेष्ठ, मुकेश कुमार पटेल, विकास कुमार कलवार, निरज कुमार ठाकुर, कृष्णा मुरारी, सुरज कुमार पटेल, वीरेन्द्र कुमार कपाली, कुन्दन पटेल, वृजमोहन साह, हरिशंकर पटेल, कलावती पासवान, प्रदीप कुमार साह, धिरज सिंह, सुजिता उप्रेती, सेराफुल अन्सारी, अनिला चौधरी, दीपक साह कानु, सलामुदिन मन्सुरी, राजेश दास, सदीप सरार्फ, मुन्नाकुमार साह, हरिशंकर साह, श्यामबाबु साह, महेश साह, मुकेश कुमार यादव, रुपनारायण महतो, परमानन्द पटेल, गोवद्र्धन चौधरी, सन्तोषकुमार भुजेल, प्रशन्न अधिकारी, सविन पाठक, संजय कुमार गिरी, भुलावन प्रसाद साह, महम्मद कलाम हवारी, कुन्दन कुमार दास, हरेराम गुप्ता, अवधेश शर्मा, राधा किशुन शर्मा, जयनाथ यादव, राजु शर्मा, जाकिर मियाँ अन्सारी, रामप्रसाद राउत कुर्मी, लालबाबु कुशवाहा, सुरज साह कानु, रुपेश यादव, कृष्णकुमार सरार्फ, दीपेश यादव, आनन्द यादव, अखिलेश चौधरी, राजन उपाध्याय, राजेन्द्र भट्टराई, सुनिल कुमार यादव, रामाशिष राउत, जयकुमार मण्डल, सोनुकुमार पटेल, चुकप्रसाद चौरसिया, शिवलाल महतो नुनिया, विकास कुमार, रामविद्यादेवी चौधरी, प्रमोद कुमार कुशवाहा, समोदिन अन्सारी, उदय चौधरी, सन्तोष चौधरी, राजनबाबु गिरी, अमित कुमार गुप्ता, किसान रौनियार, जितेन्द्र सर्राफ, अखिलेश कुमार यादव, विशाल प्रसाद सर्राफ, चन्द्रिका प्रसाद हसमुख, रोशन लामा, प्रदीप चौहान, रुपेश साह, कृष्ण साह गोढ, विक्रम डंगोल, सन्तोष मानन्धर, टेकबहादुर विक, मनोज चौधरी, प्रमोद चौधरी, सन्दीप साह तेली, मोहन दास, गणबहादुर गुरुङ, राजकुमार दास, विन्दा प्रसाद यादव, रामप्रवेश मण्डल, लक्ष्मी श्रेष्ठ, विवेक पन्त, नारायण क्षेत्री, मेवालाल कुमार चौरसिया, कृष्ण प्रसाद चौरसिया, रोशन अधिकारी, रिवाज अधिकारी, सन्दीपराज क्षेत्री, उज्ज्वल उपाध्याय, शिवचरण दास, प्रभु साह, रामबाबु प्रसाद पटेल, अवधेश प्रसाद साह, श्यामबाबु साह, राहुल साह तेली, मुन्नी देवी श्रीवास्तव, दीपेन्द्र प्रसाद साह, रामाकन्त चौधरी, दिनेश मोक्तान, राजनकुमार सिंह, रमिला थापा मगर, राजन कुमार ठाकुर, आकृति यादव, अस्मिता यादव, मनोजा यादव, श्याम प्रसाद महतो, देवेन्ति साह, गीता पौडेल, रामाशंकर पटेल, अनिल साह तेली, श्यामशुन्दर साह तेली, ओमबाबु साह कानु, सुदामा देवी, मुकेश ठाकुर, दामोदर चौधरी, गौरीशंकर मण्डल, मनोज कुमार दास, तेजेन्द्र घर्तिमगर, लिना मिश्रा, पवनकुमार मिश्रा, रोकेश कुमार, विधान तामाङ, आकाश गुप्ता, पन्नालाल पटेल, विखारी महतो धानुक, रिंकु कुमारी मण्डल, सुनिल कुमार चौधरी, नन्दलाल बैठा, परमानन्द शर्मा, वृजेश पटेल, अजय पण्डित, गुड्डु कुमार, केनिया साह तेली, विजेन्द्र प्रसाद, बाबुकाजी लो, चिरञ्जीवी चौधरी, पिंकी पाण्डे, कृष्ण प्रसाद, कोमल साह, रंजु देवी, रवि चाचान, दीपक कुमार गुप्ता, वीरेन्द्र महतो कोइरी, दीपेन्द्र साह

*बाँकी पृष्ठ ७ मा*

# प्राधिकरणको बेहद लापरबाही, हलीको मृत्यु

**सञ्जय मिश्रा**
**रौतहट ।**
विद्युत प्राधिकरणको विद्युत् वितरण शैलीमा हेलचेक्र्याइँले ११ हजार भोल्टको तारमा करेन्ट लागेर हलो जोतिरहेका हली र गोरुको ज्यान गएको छ । माधवनारायण नगरपालिका–७ लौकाहा गाउँका ५५ वर्षीय हली बैजुलाल पण्डितको मृत्यु भएको घटनास्थल पुगेका इन्स्पेक्टर झलक शर्माले बताए । लौकाहा गाउँछेउ खेतमा हलो जोतिरहँदा शनिबार पौने १२ बजे खेतमै झरेको ११ हजार भोल्टको तारबाट करेन्टबाट हली पण्डित र एउटा गोरुको मृत्यु भएको हो । खेतमा ११ हजार भोल्टको तारमा कसरी खस्यो भन्नेबारे प्रहरीले कारण पत्ता लगाउन सकेको छैन । विद्युत्को पोलमाथि हुने ११ हजार भोल्ट विद्युत् प्रवाह भइरहेको नाङ्गो तार तल खेतमा कसरी र कुनबेला झरेको हो, यकिन हुन नसकेको इन्स्पेक्टर शर्माले बताए । पण्डितको शव पोष्टार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ । घटना सदरमुकाम गौर भन्दा करिब २० किलोमिटर पश्चिमको हो ।

# राजेश्वर नेपाली टि–२० क्रिकेटमा दुई खेल




**श्रीनारायण साह**
**जनकपुरधाम ।**
नेपाली पत्रकारिताका भीष्म पितामह प्रेस तथा प्रजातन्त्र स्वतन्त्रता सेनानी राजेश्वर नेपालीको स्मृतिमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ बेलामा महामना जारी राजेश्वर नेपाली टि–२० क्रिकेट प्रतियोगिताको चौथो दिनको खेलमा धनुषाको बेला क्रिकेट टिम १ विकेटले विजयी भएको छ । शनिबार धनुषाको बेला र जनकपुरधाम ८ बलवा क्रिकेट टिमबीच भएको खेलमा बेला क्रिकेट टिमले दिएको १ सय ५१ रनको लक्ष्य पच्छ्याउँदै बलवा क्रिकेट टिमले १ सय ४२ रन बनाएर अल आउट भई सबै विकेट गुमाएको हो । टस जितेर पहिलो इनिङमा ब्याटिङ गरेको बेला क्रिकेट टिमले खेलेको आक्रामक खेल दर्शकका लागि आकर्षण बनेको थियो । खेलमा म्यान अफ दि म्याच बेला क्रिकेट टिमका जगदीश मुखिया घोषित भए । धनुषाको कनकपट्टी र प्रको महुवाबीच भएको अर्को खेलको पहिलो इनिङमा टस जितेर ब्याटिङ गरेको कनकपट्टी क्रिकेट टिमले १ सय ५ रन बनाएर अल आउट भएको थियो ।
दोश्रो इनिङमा प्रको महुवा क्रिकेट टिमले ६३ रन बनाएर अल आउट भएपछि कनकपट्टी क्रिकेट टिम ४२ रनले जीत हासिल गर्न सफल भएको थियो । दोश्रो खेलको म्यान अफ दि म्याच कनकपट्टी क्रिकेट टिमका सञ्जीव घोषित भए । दूधमती युवा क्लब वडा नम्बर २३ बेला जनकपुरधामको आयोजनामा जारी प्रतियोगितामा धनुषा तथा महोत्तरीका १६ टिमको सहभागिता छ । १३ दिनसम्म चल्ने प्रतियोगितामा विजय हासिल गर्नेले ५५ हजार ५ सय ५५ र दोश्रो टिमले २५ हजार ५ सय ५५ रुपैयाँ, प्रमाण पत्र र कप पाउने आयोजक जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ का वडाअध्यक्ष राघवेन्द्र प्रसाद साहले बताए ।
उनले महामना राजेश्वर नेपाली टी–ट्वेन्टी क्रिकेट प्रतियोगितालाई आगामी वर्ष निरन्तरता दिइने र खेल जनकपुरधामको बेला लादोस्थित १४ बिघा जग्गामा रहेको राजेश्वर नेपाली खेलकूद मैदानमा आयोजना गरिने बताए ।

# तीनपटक शिलान्याश तीनपटक म्याद थप तर अधूरै

**मधेशदृष्टि**
**राजविराज ।**
जग्गाको स्वामित्व विवादका कारण पटकपटक अवरुद्ध हुँदै आएको राजविराज बसपार्क निर्माण कार्यले पूर्णता पाउन सकेको छैन । तीन पटकसम्म असफल भई चौथो पटक शिलान्यास गरिएको बसपार्क सरोकारवाला निकायको उदासीनताका कारण बसपार्क निर्माणको काम अझै अधूरै छ । जसका कारण राजविराजको रुपनी रोड, गजेन्द्र चोक, दर्शन चोक, कुनौली मोड, राममन्दिर मोड र सखडा रोडलगायत स्थानमा लामो तथा छोटो दूरीका सवारीसाधन पार्किङ भइरहेका छन् ।
ती चोकका सडकमा बसपार्क बनाइएका कारण बजारमा हिँड्ने सर्वसाधारणलाई हिँडडुल गर्नसमेत समस्या हुने गरेको छ ।
राजविराजको रुपनी रोडदेखि तेतरी गाछीसम्म करिब तीन किलोमिटर सडकमा ठूला बस तथा सानो गाडी पार्किङ बस, माइक्रोबस र टेम्पो पार्किङ गरेर



यात्रु चढाउने ओराल्ने कार्यले दुर्घटना हुनसक्ने सम्भावना बढाएको छ । वर्षौंदेखि पसल अगाडि सडकमै सवारीसाधन राखिँदा राजविराज बजारको ट्राफिक अस्तव्यस्त देखिनुका साथै ध्वनि प्रदूषणको कारण मानव स्वास्थ्यमा असर पु¥याएको र नगरको सौन्र्दयता पनि गुम्दै गएको स्थानीय व्यापारीको भनाइ छ । पछिल्लोपटक राजविराज बसपार्क निर्माण २०७४ पुस १६ गते सम्झौता भएपछि २०७७ पुस १८ गतेभित्र बसपार्क निर्माण गरिसक्नु पर्ने थियो । सहरी विकास मन्त्रालयबाट १६ करोड ३८ लाख ९६ हजार पाँच सय १९ रुपैयाँमा काठमाडौँको कुलेश्वरस्थित सिनर्जी बिल्डर्सले बसपार्क निर्माणको ठेक्का लिएको थियो । २०७९ चैत १५ गतेभित्र पानी, बिजुली, शौचालय र टिकट काउन्टरमा सिसा, ढोकालगायतका पूर्वाधारका काम सकिने र २०८० वैशाख १ गते नयाँ वर्षको प्रारम्भमा राजविराज बसपार्क सञ्चालनमा ल्याइने भनेर चर्चासमेत गरियो । तर निर्माण कम्पनीले तीनपटक थप म्याद पाउँदा पनि ८५ प्रतिशत मात्रै काम सम्पन्न भएको छ ।
२०४४ सालमा तत्कालीन प्रधानमन्त्री मरिचमान सिंहले पहिलोपटक बसपार्क शिलान्यास गरेका थिए भने त्यसपछि २०४६ सालमा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन वलीले पनि बसपार्क शिलान्यास थिए । त्यसैगरी, २०५२ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र २०७४ सालमा सहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका मेयर शम्भुप्रसाद यादवले संयुक्त रूपमा बसपार्क शिलान्यास गरेका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन